अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY
Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : २८ / २०८२ माघ २३ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Feb. 6, 2026 / मूल्य रु. १०/-

## भिडतन्त्रको प्रधानमन्त्री बालेन ?

काठमाडौ । फागुन २१ गते हुने भनिएको प्रतिनिधिसभा सदस्यका लागि निर्वाचन आउन अब २८ दिनमात्र बाँकी रहेको छ । नयाँ पुराना सबै दलहरु निर्वाचन केन्द्रीत भएपनि निर्वाचन निष्पक्ष धाँधलीरहित र भयमुक्त वातावरणमा हुन्छ भन्ने आधारहरु अहिलेसम्म देखिएको छैन ।

असम्वैधानिक तवरबाट सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई गत भाद्र २७ गते मध्यरातमा प्रधानमन्त्रीमा नियुक्त गरियो र तिनै प्रधानमन्त्री कार्कीको सिफारिसमा प्रतिनिधिसभा विघटन समेत गरियो । कार्की प्रधानमन्त्रीमा नियुक्त हुँदा प्रतिनिधिसभा जिवितै थियो । त्यसैले प्रधानमन्त्रीको नियुक्ति र संसद विघटन असम्वैधानिक हो ।

संविधानले चिन्दै नचिनेको व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्त

>>> बाँकी ८ पेजमा

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

# भाद्र २३ र २४ गतेको घटनामा रास्वपा र बालेनको भूमिका के थियो ?

## बालेन सहित जेनजीहरूलाई उक्साउनेहरू सबै रास्वपाका उम्मेदवार

**देवेन्द्र चुडाल**



काठमाडौ । निर्वाचन आउन अब २८ दिनमात्र बाँकी रहेको बेला प्रायः सबै राजनीतिक दलहरूले सक्रियता बढाउँदै लगेको भएपनि प्रायः सबै दलहरु शहरी क्षेत्रमा मात्र केन्द्रीत भएका छन् । तर भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनको फाइदा उठाउन सबै भन्दा अघि रास्वपा रहेको छ । रास्वपाले जेनजीहरूको विरोध प्रदर्शनलाई हाइज्याक गरेर आफ्नो स्वार्थ पुरा गर्दै आएका र भाद्र २४ गतेको विध्वसात्मक कार्यमा सरिक भएका प्रायः सबै व्यक्तिहरूलाई आफ्नो पार्टीमा प्रवेश गराएर उनीहरूलाई प्रत्यक्ष निर्वाचत र समानुपातिकमा उम्मेदवार बनाएको छ ।

नेपाली समाजमा विभिन्न एनजिओ र आइएनजिओमार्फत सक्रिय रहेका व्यक्तिहरूलाई समेत रास्वपाले उम्मेदवार बनाएको र तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहलाई समेत आफ्नो पार्टीमा प्रवेश गराएर पार्टीको वरिष्ठ नेता र झापा ५ को उम्मेदवार बनाउँदै भावि प्रधानमन्त्रीको उम्मेदवार भनि प्रचार प्रसार गरिरहेको छ । झापा ५ मा विगत देखि नै नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली निर्वाचन लड्दै आएको क्षेत्र भएकाले रास्वपाले ओलीलाई निर्वाचित हुन रोक्नका लागि साहलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएर झापा ५ मा पुऱ्याएको छ ।

बालेन साह नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्रीका सबै भन्दा आलोचक पात्र हुन् । भाद्र २३ गते भएको जेनजीहरूको विरोध प्रदर्शनमा केही व्यक्तिहरु प्रवेश गरेर संसद भवन भत्काउन सुरू गरेपछि प्रहरीले गोली चलाएको थियो । भाद्र २३

>>> बाँकी ८ पेजमा

## मुलुक जलाउनेहरू कै ठुला कुरा **सावधान जनता !**

काठमाडौ । गत भाद्र २३ गते जेनजीहरूको विरोध प्रदर्शनको आयोजना गर्ने जेनजीहरु अहिले सडकमा भौतारिरहेका छन् । तर त्यसको फाइदा उठाउनेहरु केही मन्त्री भए कोही रास्वपामा प्रवेश गरेर संसदको लागि विभिन्न क्षेत्रबाट उम्मेदवार बनेका छन् । त्यस मध्येको एक हुन् बालेन । बालेन काठमाडौ महानगरका मेयरमा निर्वाचित भएका थिए । काठमाडौ महानगरका जनताले उनलाई विश्वास गरेर जिताईदिएका थिए तर बालेनको महत्वकांक्षा यति बढ्यो कि उनले आफ्नो पाँच वर्षे कार्यकाल पूरा नगरी संसदको उम्मेदवार र भावि प्रधानमन्त्री बन्ने सपना देखेर पदबाट राजिनामा दिएर संसदको निर्वाचनमा होमिएका छन् ।

भाद्र २३ र २४ गतेको घटना हुँदा रास्वपाका सपभाति रवि लामिछाने सहकारी ठगी मुद्दा, संगठित अपरोध र

>>> बाँकी ८ पेजमा

## निष्पक्ष र धाँधलीरहित निर्वाचन हुनेमा आशंका

काठमाडौ । फागुन २१ गते हुने भनिएको निर्वाचन, निष्पक्ष धाँधलीरहित र मतदाताले भयरहित वातावरणमा मतदान गर्न पाउने सुनिश्चितता गर्ने सरकारको काम भएपनि अहिले नै निर्वाचन निष्पक्ष, धाँधलीरहित र मतदाताले भयरहित वातावरणमा मतदान गर्न सक्छन् भन्ने वातावरण बन्न सकेको छैन । खास गरेर अहिलेको सुशिला कार्की नेतृत्वको सरकार नेकपा एमालेप्रति अनुदार रहेको देखिन्छ । नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्धानमन्त्री केपी ओली निर्वाचन लडेको झापा क्षेत्र नं. ५ मा रास्वपाका वरिष्ठ नेता बालेन साह समेत निर्वाचनमा उम्मेदवार भएका छन् । साहलाई निर्वाचित

>>> बाँकी ८ पेजमा

## कार्की सकारका निर्णयहरू दुरगामी असर पर्ने !

काठमाडौ । भाद्र २३ र २४ गते भएको विध्वंसात्मक प्रकरणपछि तत्कालिन केपी ओली नेतृत्वको सरकार ढल्यो । भाद्र २७ गते राष्ट्रपतिले संविधानको उल्लंघन गर्दै सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिशलाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । तिनै प्रधानमन्त्री सुशिला कार्कीको सिफारिसमा राष्ट्रपतिले संसद विघटन गरेपछि मुलुक संसद विहिन अवस्थामा रहेकाले फागुन २१ गते ससदको निर्वाचनमा गर्ने म्याण्डेट कार्की सरकारलाई दिइयो । कार्की सरकारले संसको निर्वाचन गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने म्याण्डेट पाएको थियो ।

कार्की सरकारले आफूले पाएको म्याण्डेट बाहिर गएर मुलुकुलाई दुरगामी असर पर्ने निर्णयहरु समेत गरेको छ । फागुनपछि आउने निर्वाचित सरकारले कार्की सरकारले गरेका निर्णयहरूलाई स्वामित्व लिन्छ कि लिँदैन भन्ने प्रश्न समेत उठेको छ । कार्की सरकारले जेनजीहरूको एक समूहसँग गरेको सम्झौता अहिले विवादको घेरामा परेको छ भने त्यो विषय सर्बोच्च अदालतमा प्रवेश गरिसकेको छ । त्यसैगरी सरकारको सल्लाहकार समेत रहेकी महान्यायाधिवक्ता सविता भण्डारीले रवि लामिछानेसहितका अन्य केही व्यक्तिहरूका अदालतमा विचाराधिन रहेको सम्पत्ति शुद्धीकरण र संगठित अपराधका मुद्दा फिर्ता लिने निर्णय गरेर सोही निर्णयलाई सबै सरकारी वकिल

>>> बाँकी ८ पेजमा

## फागुन २१ को निर्वाचनले मुलुकलाई निकास दिन सक्दैन

काठमाडौ । निर्वाचनको मिति नजिकिएसगै राजनीतिक दलहरूले आफ्नो राजनीतिक प्रभाव जनतासामू बढाउँदै लगेका छन् । सुशिला कार्की नेतृत्वको सरकार जसरी भएपनि निर्वाचन गराईछाड्ने उद्घोष गरिरहेको छ । तर राजनीतिक दलहरु जुन रूमा निर्वाचनका लागि तयार हुनुपर्ने हो त्यस्तो अवस्थामा देखिएका छैनन् । निर्वाचनको लागि निर्वाचन आयोगले आफूले सबै तयारी गरिसकेको बताइरहेको भएपनि खासगरी पुराना भनिएका दलहरु नेपाली कांग्रेस, नेकपा एमालेप्रति सरकार अनुदार रहेको जस्तो उसको व्यवहारले देखाउँदै आएको छ भने नयाँ भनिएका दलहरु




रास्वपाबाहेकका अन्य दलहरूले जनतामा प्रभाव पार्न सकेको अवस्था देखिएको छैन ।

रास्वपाले आफ्नो स्थापना कालको छोटो समयमै २०७९ मा भएको संससदको निर्वाचनमा संसदको चौथो ठुलो दल बन्न सफल भएको थियो । तर सो दलका सभापति रवि लामिछाने नै सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधमा संलग्न रहेका हुनाले रास्वपाको हालत नाजुक अवस्थामा पुगको बेला गत भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शन र भाद्र २४ गते भएको विध्वसात्मक कार्यपछि

>>> बाँकी ८ पेजमा

# यसकारण बालेन प्रधानमन्त्रीका लागि अयोग्य !

काठमाडौ । केही दिन पहिला नेकपा एमालेका अध्यक्ष केपी ओलीले प्रधानमन्त्रीका लागि प्रस्तावित उम्मेदवार बीचमा खुल्ला बहसको लागि छलफल गर्ने आवाज उठाएका थिए । उनले बहसका लागि आफू तयार रहेको बताउँदै अरूपनि तयार रहन आग्रह गरे । तर बालेन साहले पूर्व प्रधानमन्त्री ओलीलाई हत्यारा भएको भन्दै आफू छलफलमा नबस्ने र बसेमा उक्त हत्यामा आफूपनि संलग्न भएको ठानिने भन्दै सार्वजनिक बहमा नबस्ने उद्घोष गरे ।

साहले रास्वपासँग पार्टी प्रवेशको बेला आफूलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्नुपर्ने र जेनजीहरूको विरोध प्रर्दशनको स्वामित्व लिनुपर्ने बताएपछि रास्वपा र



साहबीचको सहमतिका ४ बुँदामा जेनजीहरूले गरेको विरोध प्रदर्शनको स्वामित्व लिने सहमति गरेको हुनाले भाद्र २३ र २४ गते भएको घटनामा रास्वपा र साह संलग्न रहेको प्रमाणित भएन र ?

साहले झापा ५ मा आफू उम्मेदवार हुनुपर्ने अडान कायम राखेको हुनाले रास्वपाले उनलाई उम्मेदवार बनाएको छ । झापा ५ बाट पूर्व प्रधानमन्त्री केपी ओली निर्वाचन लड्दै आएका र अहिले पनि उम्मेदवार रहेकाले साहको महत्वकांक्षा बढेको हो । साहले ओलीमाथि पटक पटक स्टाटस मार्फत आक्रमण गर्दै आएका छन् । नेपाली कांग्रेसले गगन थापालाई पार्टी अध्यक्ष बनाएर

>>> बाँकी ८ पेजमा

## उम्मेदवारको खर्चमाथि आयोगको निगरानी

काठमाडौं । प्रतिनिधिसभा सदस्यका उम्मेदवारले सामाजिक सञ्जालमा गरेको खर्च पनि निर्वाचन आयोगले जानकारीमा राख्ने भएको छ । आयोगका सहसचिव एवं प्रवक्ता नारायाण प्रसाद भट्टराईले सामाजिक सञ्जालमा गरेको खर्च पनि आयोगले जानकारीमा राख्ने जानकारी दिएका हुन् ।

'अहिले कुन व्यक्तिले, कुन संस्थाले सोसल मिडियामा कति खर्च गऱ्यो भनेर हेर्न गाह्रो छैन । प्राविधिक रूपमा हामी सहजै हेर्न सक्छौं', भट्टराई भन्छन्, 'उहाँहरूले सोसल मिडियामा गरेको खर्चलाई पनि निर्वाचनको खर्चको सीमा छ, त्यो सीमाभित्र रह्यो कि रहेन भनेर हेर्छौं ।'

आगामी २१ फागुनमा निर्वाचन हुँदैछ । उम्मेदवारका लागि ठाउँ अनुसार खर्चको सीमा

>>> बाँकी ८ पेजमा

# Pakistan's Bold Defence Foray into the Middle East

**Dr Muhammad Tayyab Khan**

A recent analysis published by Foreign Policy views Pakistan's emerging defense and diplomatic role in the Middle East and North Africa from a perspective that not only signals a clear shift in Islamabad's foreign policy but also points to the bold entry of a new player on the region's geopolitical chessboard. Stretching from Riyadh to Tripoli, from Khartoum to Gaza, and from Tehran to Washington, this new strategy shows that Pakistan is no longer confined to traditional diplomacy. Instead, by integrating military cooperation, defense exports, and strategic mediation, Islamabad is seeking to establish itself as an emerging net security provider.

According to Foreign Policy, this advance is not the result of a momentary reaction but part of a carefully crafted strategic framework. Under this approach, Pakistan aims to convert its military capabilities, battlefield experience, and long-standing ties within the Muslim world into tangible economic and political dividends. Prospective arms deals approximately $1.5 billion with Sudan and nearly $4 billion with Libya indicate that Pakistan now views defence exports not merely as a source of revenue, but as an effective instrument for expanding diplomatic influence. These agreements could not only open new markets for Pakistan's defence industry but also lay the foundation for a long-term Pakistani role within the security architectures of these states.

The expansion of defence cooperation with Saudi Arabia and ongoing discussions on new agreements are considered the most critical element of this evolving landscape. Pakistan–Saudi relations have historically been deep-rooted at religious, military, and economic levels, but at the current juncture, efforts are underway to reshape them within a new strategic framework.

In the light of rising security concerns, the lingering effects of the Yemen conflict, and complex relations with Iran, Riyadh seeks reliable partners capable of providing not only military assistance but also political balance. Pakistan has the capacity to fill this space; however, such a role also exposes it to the risk of becoming directly or indirectly entangled in sensitive regional conflicts.

Turkiye's potential inclusion in this process introduces another compelling dimension. If Pakistan and Turkiye were to align within a Saudi-led defense or security framework, it could herald the emergence of a new power bloc in the Muslim world. Yet the implications would be far from straightforward. In countries like



Libya already marked by internal divisions, external interference, and the lingering threat of civil war the combined presence of Pakistan and Turkiye could further complicate the regional balance of power. This is precisely where opportunity and risk converge, which is perhaps why Turkiye has recently distanced itself from the agreement.

Pakistan currently stands at a delicate yet decisive crossroads. On one side lies a golden opportunity to transform its military and diplomatic strengths into economic gains and enhanced global influence. On the other, the complex politics of the Middle East, sectarian sensitivities, and the competing interests of major powers could draw Pakistan into quagmires from which disengagement would be difficult. The central challenge for Islamabad will be how skillfully it maintains a fine balance between defense activism and diplomatic equilibrium.

Pakistan's expression of interest in a possible international stabilization mission in Gaza reflects another significant shift in its diplomatic thinking. Historically, Pakistan has been a strong supporter of the Palestinian cause, yet it has largely refrained from direct operational involvement on the ground. Should Islamabad genuinely participate in an international or multinational mission, it would not only enhance its global profile but also place it at the heart of the Middle East's most sensitive conflict. Alongside this, indications of Pakistan's willingness to engage in diplomatic efforts aimed at reducing tensions between the USA and Iran suggest an ambition to present itself not merely as a regional actor, but as a broader international mediator.

Proximity to Washington constitutes another key factor in this entire equation. For the USA, Pakistan's growing activities offer an opportunity to share the security burden in the region. At the same time, Washington may harbor concerns that Islamabad's increasing strategic autonomy could eventually limit US influence. For Iran, Pakistan's expanding role is equally double-edged: on one hand, it offers hope for mediation; on the other, Pakistan's closeness to a Saudi-led alignment may raise apprehensions.

Foreign Policy's analysis underscores that Pakistan currently stands at a delicate yet decisive crossroads. On one side lies a golden opportunity to transform its military and diplomatic strengths into economic gains and enhanced global influence. On the other, the complex politics of the Middle East, sectarian sensitivities, and the competing interests of major powers could draw Pakistan into quagmires from which disengagement would be difficult. The central challenge for Islamabad will be how skillfully it maintains a fine balance between defense activism and diplomatic equilibrium.

# यो वर्ष भारत र बंगलादेशमा २३ अर्ब ७३ करोडको विद्युत् निर्यात

काठमाडौं । नेपालले भारत र बंगलादेशतर्फ २३ अर्ब ७३ करोड ४५ लाख रूपैयाँको बिजुली निर्यात गरेको छ । नेपाल विद्युत् प्राधिकरणले यो वर्ष जेठदेखि पुससम्म सो रकमबराबरको विद्युत् निर्यात गरेको जनाएको छ ।

प्राधिकरणको तथ्यांकअनुसार गत जेठ र असारमा चार अर्ब ३१ करोड ८१ लाख रूपैयाँको बिजुली निर्यात भएको छ । प्राधिकरणले राष्ट्र बैंकमा बुझाएको एक प्रारम्भिक तथ्यांकमा साउनदेखि पुससम्म अर्थात् चालू आवको पहिलो ६ महिनामा भने १९ अर्ब ४१ करोड ६४ लाख रूपैयाँबराबरको बिजुली निर्यात भएको छ । ६ महिनाको यो तथ्यांक राष्ट्र बैंकबाट प्राप्त भएको हो । यसरी यो बर्खामा पौने २४ अर्ब रूपैयाँबराबरको बिजुली निर्यात भएको देखिन्छ । प्राधिकरणले यससम्बन्धी अन्तिम तथ्यांक सार्वजनिक भने गरिसकेको छैन ।

प्राधिकरणले बर्खाको समयमा भारत र बंगलादेशमा विद्युत् निर्यात गर्छ । प्राधिकरणले असार १ गतेदेखि कात्तिक ३० गतेसम्म भारतीय प्रसारणलाइन प्रयोग गरेर बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गरेको छ । त्यस अवधिमा १४७.४३ गिगावाट आवर विद्युत् निर्यात हुँदा ९४ लाख ३६ हजार डलर आम्दानी भएको छ ।

गत वर्ष ०८१ मा १६ अर्ब ७३ करोड ९० लाख रूपैयाँको बिजुली निर्यात भएको थियो । त्यसमध्ये जेठ र असारको सिजनमा तीन अर्ब ६४ करोड ५१ लाख र साउनदेखि पुससम्मको सिजनमा १३ अर्ब नौ करोड ३९ लाख रूपैयाँ हाराहारीको बिजुली निर्यात भएको थियो । ०८० को बर्खामा भने १५ अर्ब २४ करोड रूपैयाँको विद्युत् भारततर्फ निर्यात गरिएको थियो ।

नेपालका अधिकांश जलविद्युत् आयोजनाहरू नदी प्रवाह (आरओआर)मा आधारित छन् । त्यसअनुसार बर्सातमा खोलामा पानी बढी हुँदा विद्युत् उत्पादन पनि बढी हुन्छ । जुन समयमा भारतमा बिजुली निर्यातसमेत गर्न सकिन्छ । हिउँदमा खोलामा पानी कम हुँदा भने विद्युत् उत्पादन पनि स्वतः कम हुन्छ, त्यसवेला भने यहाँको माग धान्न भारतबाटनै विद्युत् आयात गर्नुपर्छ । हिउँदमा नेपालमा क्षमताको ३० प्रतिशत मात्रै विद्युत् उत्पादन हुने गर्छ । प्राधिकरणले सामान्यतः जेठदेखि पुससम्म विद्युत् निर्यात गर्दै आएको छ । अन्य समयमा भारतबाटै आयात गर्नुपर्छ । अहिले पनि भारतबाट झन्डै ६ सय मेगावाट हाराहारीमा विद्युत् आयात भइरहेको छ ।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालले यो वर्ष विद्युत् निर्यात उच्चदरमा बढेको बताए । 'विद्युत् उत्पादन बढ्दै गएको छ । तर, त्यसको तुलनामा आन्तरिक खपत बढ्न सकेको छैन । यहाँ खपत नभएपछि विद्युत् निर्यात नै गर्नुपर्छ । त्यसमाथि यसपालि भारतमा निर्यात गर्न पाउने विद्युत्को स्वीकृत कोटा पनि बढेको छ,' उनले भने, 'त्यसले गर्दा यो वर्ष विद्युत् निर्यात उच्चदरमा बढ्यो । आगामी वर्षमा पनि विद्युत् निर्यात बढ्दै जाने विश्वास छ । तर, आन्तरिक खपत पनि बढाउँदै जानुपर्नेछ । नेपालमा खपत भएर बाँकी हुने विद्युत् मात्रै निर्यात गर्ने हो ।'

भारतमा विद्युत् निर्यात गर्न त्यहाँको केन्द्रीय विद्युत् प्राधिकरणबाट आयोजना नै तोकेर स्वीकृति लिनुपर्छ । हाल त्यहाँबाट विद्युत् निर्यात गर्न पाएको कोटा झन्डै १२ सय मेगावाट छ । प्राधिकरणले यो वर्ष भारतमा १२ सय मेगावाट हाराहारीमै विद्युत् निर्यात गरेको थियो ।

यो वर्ष बंगलादेशमा विद्युत् बिक्री गरेर ९४ लाख ३६ हजार डलर आम्दानी गरेको छ । प्राधिकरणले जुन १५ देखि नोभेम्बर १५ तारिख (असारदेखि कात्तिक)सम्म ४० मेगावाट विद्युत् निर्बाध रूपमा दिने गरी बंगलादेशसँग सम्झौता गरेको थियो । त्यसमा नेपालले प्रतियुनिट ६.४० सेन्ट पाउनेछ । यो वर्ष असारदेखि कात्तिकसम्म १४७.४३ गिगावाट आवर अर्थात् १४ करोड ७४ लाख ३० हजार युनिट बिजुली निर्यात भएको छ । त्यसबापत ९४ लाख ३६ हजार डलर आम्दानी भएको छ । गत वर्ष ३० कात्तिकमा बंगलादेशमा ४० मेगावाट विद्युत् निर्यात गर्दा २९ हजार डलर आम्दानी भएको थियो । गत मंसिर दोस्रो साता बंगलादेशमा सम्पन्न संयुक्त ऊर्जासचिवस्तरीय बैठकमा नेपालबाट थप २० मेगावाट विद्युत् निर्यात गर्ने सहमति भएको छ । त्यो कार्यान्वयन भएपछि बंगलादेशमा कुल ६० मेगावाट विद्युत् निर्यात गर्न सकिनेछ । त्यो अवस्थामा बंगलादेशमा विद्युत् निर्यात गर्दा हुने आम्दानी थप बढ्नेछ ।



# फागुन २१ मा खुल्छ नयाँ र पुरानाको हैसियत ?



• राजन कार्की
rajan2012karki@yahoo.com

चारू मजुमदार १९६९ भारतको नक्सल आन्दोलनका पिता थिए । चारूका ज्यान दिनसक्ने हजारौं कार्यकर्ता थिए । एकदिन आफ्ना कार्यकर्ताको परीक्षण गर्दा उनले थाहा पाए- आफ्ना कार्यकर्ता त सम्भ्रान्त, सौखिन भइसकेका रहेछन् । कार्यकर्ताकै कारण कम्युनिष्ट पक्राउ गर्ने क्रममा चारू पनि पक्राउ परे ।

चारू पश्चिमाशैलीको गुणस्तरीय सिगारका सौखिन थिए, जसका कारण उनी जेल परे र १९७२ मा जेलभित्रै रहस्यमय रूपमा उनको मृत्यु भयो । त्यो समय 'फेरारी' अर्थात बेपत्ता पार्नसक्ने कलकत्ताका प्रहरी अधिकारी रनु गुहाले उनलाई पक्राउ गर्दा उनी नै चारू हुन् भन्ने निश्चित थिएन । जसरी होचि मिन्हको कमजोरी अमेरिकी सिगार थियो, त्यसैगरी चारूको कमजोरी पनि अमेरिकन सिगार हो भन्ने ती प्रहरीलाई थाहा थियो । जब सादा पोसाकमा रनु गुहाले सिगार दिए, चारू लोभिए, त्यसपछि प्रहरीले यिनै चारू हुन् भन्ने पक्का गर्‍यो । त्यही सिगारका कारण चारूको मृत्युको कारण बन्यो । आज भारतका बिभिन्न प्रान्तमा माओवादी समूह र राजनीतिमा कम्युनिष्टहरु छन् तर तिनको हैसियत २०१४ देखि सत्तामा भाजपा अर्थात् नरेन्द्र मोदीको उदयसँगै हराउँदै र बिलाउँदै गएको छ ।

नेपालको राजनीतिमा प्रजातन्त्रको बिडा उठाउने पार्टी कांग्रेस नै हो । वीपी कोइरालाले २००३ असोज १६ गते भारतको पटनाबाट प्रकाशित हुने द सर्च लाईट पत्रिका मार्फत भारतमा रहेका नेपालीहरूलाई सङ्गठित गर्न आह्वान गरियो र कात्तिक १५, २००३ मा बनारसमा देवि प्रसाद सापकोटाको सभापतित्वमा अखिल भारतीय नेपाली राष्ट्रिय काङ्ग्रेस नामक संस्थाको स्थापना भयो । माघ १२ र १३ गते पहिलो महाधिवेशन गरियो । यही हो वर्तमान नेपाली कांग्रेसको जग ।

कांग्रेस नेपालको पहिलो र ठूलो समाजवादी-लोकतान्त्रिक पार्टी हो । २००६ चैत २७ मा नेपाल राष्ट्रिय काङ्ग्रेस र नेपाल प्रजातान्त्रिक काङ्ग्रेसको एकिकरण भएपछि यो झन ठूलो पार्टी बनेको थियो । कांग्रेस भन्छ- २०८२ मा कृयाशील सदस्य १० लाख छन् । २०१५ सालमा किसानको फोटो राखेर चुनाव लड्दा दुईतिहाईको सरकार चलाएकै हो । केन्द्रमा वीपीको शासन थियो, गाउँ गाउँमा कांग्रेसीहरु लुटपाटमा लागे । जसका कारणले जनता त्रसित भए र कांग्रेस जनताका लागि सराप बन्यो । यही सरापमोचनका लागि राजाले पञ्चायत व्यवस्था ल्याएका थिए ।

त्यसपछि वीपी भारत निर्वासनमा गए । २०३३ सालमा वीपी मेलमिलापको नीति लिएर स्वदेश फर्केका थिए । २०३६ सालमा पञ्चायतविरूद्ध ठूलै प्रदर्शन भयो, जनमत संग्रहको घोषणा र चुनाव भयो । तर सुधारिएको पञ्चायतले जितेपछि बहुदल आउन सकेन । वीपीले जननिर्णयको स्वागत गरेका थिए । २०३९ साउन ६ गते वीपी कोइरालाको निधन भयो । २०४६ सालमा फेरि पञ्चायत विरूद्ध आन्दोलन भयो र राजाले दलमाथिको प्रतिवन्ध फुकुवा गरिदिए, प्रजातन्त्र पुनर्स्थापना हुनसक्यो ।

तर गिरिजाप्रसाद कोइरालाको महत्वाकांक्षा र कृष्णप्रसाद भट्टराई-शेरबहादुर देउवाका द्वन्द्वले कांग्रेसमा नीति र वैचारिक धरातलमा पहिरो जान थाल्यो । पार्टी टुक्रिने र जोडिने, नेताहरूबीच बैमनुस्यता देखिने, नीति नैतिकता र चरित्रमा ह्रास आउने अनेक घटनाहरु घट्यो । सांसद किनबेचसम्मका प्रकरणहरु देखिए । प्राडो, पजेरो काण्ड, सांसदलाई थाइलेण्ड लगेर व्यभिचारमा डुबाउने हरकत पनि भएकै हो ।

कांग्रेसको नीतिहीनताकै कारण, राष्ट्रवाद र प्रजातन्त्रमा बिचलन आएकै कारण २०६३ को परिवर्तनपछि कांग्रेस कम्युनिष्टजस्तो हुनथाल्यो । सत्ता, सम्पत्ति र स्वार्थमा यसरी लिप्त हुनपुग्यो कि कांग्रेस अवसरवादी, छेपारो प्रवृत्ति बिकसित हुँदै गयो । कांग्रेसभित्र वीपीवाद मात्र शब्दमा सिमित हुनपुग्यो ।

सभापति शेरबहादुर देउवाले कांग्रेसभित्र दह्रो गुट बनाएर एकछत्र शासन गर्न थाले । कहिले माओवादी, कहिले एमालेसँग मिलेर सत्तालाई उखु चुसेजसरी चुसिरहे । प्रजातन्त्र प्रजातन्त्र भन्दाभन्दै कांग्रेस सुकेको रूख हुनपुग्यो ।

२०५१ सालदेखि १० वर्षे जनयुद्ध गरेको सर्वहारावादी माओवादीले १७ हजारको हत्या गर्न सफल भयो । प्रचण्ड विश्व समाचार बने । २०६५ मा प्रधानमन्त्री बनेका प्रचण्ड ३ पल्ट प्रधानमन्त्री बने, १७ वर्ष सत्ता राजनीतिको किङपिन नै बनिरहे । यो वीचमा माओवादीले सर्वहारावाद बिर्सियो । माओवादीका नेताहरूले जतिसुकै मानवीय अपराध गरे पनि छुट पाइरहे । जनयुद्ध जनताका लागि होइन, नेताको सत्तास्वार्थको लागि गरिएको रहेछ भन्ने घटनाक्रमले प्रमाणित नै गरिदियो ।

कांग्रेस, एमाले र माओवादी : यी तीन ठूला दलहरूले ससाना दलहरूलाई उचाल्ने, पछार्ने, सुविधा दिने खोस्ने, मिलाउने भत्काउने अनेक कार्य गरिरहे । जनताको असन्तुष्टिको आवाजलाई यिनले कहिल्यै सुनेनन् । शोषण, भ्रष्टाचार, अपराध यिनको नियमित निरन्तरता भइनै रह्यो ।

यसकारण गत भदौ २३ मा जेनजी पुस्ताले आन्दोलन गरे । आन्दोलन दबाउन यिनले राज्य दमन गरे, ससाना बालबालिकालाई गोली हाने, १९ जना मारिए । यसपछि देशैभरि जनआक्रोशको ज्वाला उठ्यो, २४ गते लोकतान्त्रिक गणतन्त्रको शासनसत्ताले फेरि गोली बर्सायो । ७६ जना मारिए । त्यसपछि के चाहियो, देश ज्वालामुखीमय भयो । यिनको सातो गयो, सत्ता सम्पत्ति छाडेर भागे, संसद संविधान समाप्त भयो । अन्तरिम सरकार बन्यो र फागुन २१ मा निर्वाचन तोकियो ।

फागुन २१ आउन ४ हप्ता बाँकी छ । यतिबेला कांग्रेस, एमाले, माओवादी संगठित पार्टी त हुन् तर यिनको नाममा, मुहारमा, गतिमतिमा, विश्वसनीयतामा भ्रष्टाचारको तातो त्रिशूल डामिएको छ ।

चुनाव पुराना विरूद्ध नयाँ पुस्ताको मुकाविला बन्न पुगेको छ ।

नेपाली वर्णपटलाई पल्टाउँदा देखिन्छ- २००७ सालमा नेपाली कांग्रेसले प्रवासबाट लैनछोकडा ल्यायो र तिनलाई बन्दुक बोकाएर मुक्तिसेनाको नाम दिएको थियो । २०८२ साल आइपुग्दा कांग्रेससँग तरूण दल, नेवि संघजस्ता युवादस्ता छन् ।

एमालेले नेशनल भोलिन्टियर फोर्स बनाएको छ ।

माओवादीले वाईसिएललाई अर्ध सैनिक दस्ता घोषित गरिसकेको छ ।

नयाँहरु जो परिवर्तनका लागि अग्रसर भएका छन्, जो जेनजी पुस्ताको रगतबाट उठेर परिवर्तनको लहर चलाइरहेका छन्, तिनीहरु जनताको समर्थनमा विश्वास गरेर जवाफदेहीपूर्ण राजनीतिक परिवर्तन ल्याउने भनेर अग्रसर भएका छन् ।

पुराना संगठित दलहरु र नयाँ दलहरूबीच द्वन्द्व छ । यो द्वन्द्वको छेउकुना परम्परागत शक्ति पनि छ । यो द्वन्द्वको परिणाम के हुने हो ? जनताले कुन प्रकारको जनादेश दिने हुन् ? देश कसको नेतृत्वमा अघि बढ्ने हो ? सबै सवालको जवाफ फागुन २१ को निर्वाचनले दिनेछ ।

चीनका राष्ट्रपति सीजिन पिङले खुला अर्थनीति अँगालेर चीनलाई विश्वशक्ति त बनाए, तिनै सीजिन पिङले नेताका सम्पत्ति सबै राष्ट्रको हुने घोषणा गरेका छन् र बेलायतमा नाम चलेका नेपाली प्रोफेसर कुलबहादुर लुइटेलका अनुसार बृटिस दृष्टिमा कम्युनिजम विश्वमा असफल शिद्ध राजनैतिक व्यवस्था हो । अर्थात कम्युनिष्ट सपनामा भुलाउने गफ हो, राष्ट्रवाद बलियो पार्ने अभियान होइन ।

भनिन्छ प्रजातन्त्रको बिकल्प प्रजातन्त्र नै हो । तर प्रजातन्त्र बोकेको कांग्रेसले बहुदल आएपछिका ३७ वर्षलाई कालरात्रिमय बनाइदियो । यसकारण कांग्रेसका सलहजस्ता कार्यकर्ता सेलाइसकेका छन् । भदौ २३ गतेको आन्दोलनपछि महिना दिनसम्म म कांग्रेस हुँ, म संसदवादी हुँ भन्ने एकजना नेता सडकमा देखिएनन् ।

सर्वहारावादी माओवादीले चोला फेर्‍यो । नेकपा नामाकरण गरेर २ दर्जन पार्टी मिलाएर चुनाव जित्ने दौडमा छ । नयाँ पुस्ताको भिडमभिड समर्थन र प्रचार देखेर आत्तिएका कांग्रेस, एमाले, माओवादीले आफूलाई सर्कसमा सजाइने हो कि भन्ने भय पालेर चुनावमा घिस्रिदै गरेका देखिदैछ ।

परिवर्तन भयो, परिवर्तन आयो । नयाँ परिवर्तन फागुन २१ ले ल्याउने छ । कांग्रेस, माओवादी, एमालेलाई जनताले बैकुण्ठ दिएका थिए, कुकर्म गर्दा गर्दा बैकुण्ठ खोसिने अनुमान नेपालदेखि वाशिङ्टनसम्म, दिल्लीदेखि बेइजिङ्सम्म हुन थालिसकेको देखिन्छ ।

फागुन २१ को चुनावले ८९ सिटको कांग्रेस आधा साँघुरिने, ७८ सिटे एमाले र ३२ सिटे माओवादी पनि अर्धकट्टीजस्तो देखिन्छ भन्ने विश्लेषण हुनथालिसकेको छ ।

बिगत १९ वर्षमा लोकतान्त्रिक शासन व्यवस्थामा कम्युनिष्टको जित, कम्युनिष्टको दबदबा । यो आश्चर्य देखियो । कांगेसको कम्युनिष्टकरण, एमालेको बहुमतको निरंकूता सबै देखियो । योभन्दा आश्चर्य त नयाँ नेपाल बनाउँछु भन्नेहरूको निरंकूशता, परिवारवाद, व्यभिचारवाद, राजनीतिक अपराधिकरण, भ्रष्टाचारको साम्राज्य चरित्र पनि देखियो । यी सबैले जनविश्वास गुमाएर घृणाको थुप्रो बनिसकेको वर्तमान पनि देखियो ।

यसकारण प्रश्न उठेको हो- नयाँले पुरानालाई फागुन २१ मा बिश्राम दिन सक्लान् ? जनलहर देखिएको छ, यही अनुसारको मतदान लहर दखिएला ?

जव जनता जनता जोड्न सकिन्न, त्यो देशको आधार जहिले पनि बालुवाको ढिस्को जस्तो हुनेगर्छ । कांग्रेस, एमाले, माओवादी करोडीमल, शेखहरूले देशका १ सय २६ भन्दा धेरै जातिलाई जोड्ने होइन, यिनलाई फोडेर यिनको हक खोस्ने, भोट बैंक निर्माण गर्नमै व्यस्त र मस्त रहे । धर्मनिरपेक्षता र संघीयता नाममा पनि यिनले देशलाई लुट्नुसम्म लुटे ।

संवैधानिक शासन, अग्रगमन, गणतन्त्र, समानता र समृद्धिका पुराना दलका हात्तीका जस्ता देखाउने दाँत मात्रै थिए ।

फागुन २१ को चुनाव पुराना दलका लागि मृत्युघण्टा बजेजस्तो हुने त होइन ? हेर्नुछ, जनताले कुन प्रकारको जनादेश दिनेछ ।




पढथ्यौ हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मऱ्यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

सम्पादकीय

## वैकल्पिक राजनीतिमा भिडतन्त्रको समस्या

# भिडतन्त्रले देश बनाएको इतिहास छैन ?

*भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शन र ध्वसात्मक काण्डपछि मुलुक फेरी संकटको घेराभित्र पर्दै गएको छ । पुराना भनिएका दलहरू नेपाली कांग्रेस, नेकपा एमाले लगायतका दल र तिनका नेताहरूलाई गाली गलौज गर्नु नै नयाँ भनिएका दलहरूको उपलब्धि भएको जस्तो देखिएको छ । नयाँ भनिएका दलहरूमा देखिएको भिडले मुलुकको समस्या समाधान हुन सक्ने अवस्था देखिँदैन । पुराना भनिएका दलहरू भित्रै पनि असन्तुष्टि धेरै रहेका छन् । आन्तरिक सुधारको माग गर्दै उठेको स्वरहरू सम्बोधन हुन नसक्दा दलहरू विभाजित समेत भएका धेरै उदाहरण रहेका छन् । विभाजित भएका दलहरूले पनि बैकल्पिक राजनीति निर्माण गर्न सकेको देखिँदैन । यसबाट के प्रष्ट हुन्छ भने जना बदलेर मात्र बैकल्पिक शक्ति निर्माण गर्न सकिँदो रहेनछ भनेर प्रष्ट हुन्छ । त्यसैले सोँच, चिन्तन र प्रवृत्ति बदल्नु अनिवार्य रहेको छ ।*

*पछिल्लो समयमा बैकल्पिक राजनीतिका नाममा देखिएको अर्को गम्भीर समस्या भनेको व्यक्ति केन्द्रीत राजनीति हो । सूचना प्रविधिको अहिलेको अवस्थामा विचार भन्दा व्यक्तिलाई ठुलो बनाइयो । सुचना प्रविधिको युगमा व्यक्तिलाई नै देवत्वकरण गरियो । त्यस्ता व्यक्तिको लोकप्रियता घट्दै जाँदा संगठन कमजोर हुने निश्चित जस्तै रहेको छ । करिब ३ वर्ष अघि गठन भएको रास्वपाले पहिलो पटकमै संसदमा उपस्थित जनाउन सकेको थियो । सो पार्टीका अध्यक्ष रवि लामिछाने सहकारी ठगी प्रकरणमा संलग्न रहेको भन्दै विभिन्न जिल्लामा उनी विरुद्ध मुद्दा परेपछि उनी पक्राउ परे । तर रास्वपाले आफ्ना सभापतिलाई तत्कालीन केपी ओली सरकारले प्रतिशोध लिएको भन्दै विरोध गरिरहेको थियो । रास्वपालाई पहिलो पटक सरकारमा सामेल गराउने तिनै केपी ओली थिए । सभापति लामिछोलाई उपप्रधानसहित गृहमन्त्री बनाइएको थियो । त्यसबेला लामिछानेका विभिन्न कसुरहरू बाहिरिए । दुई दुई वटा पासपोर्ट र नेपाली नागरिकता नलिई रद्द भैसकेको नेपाली नागरिकता नै प्रयोग गरेको उजुरी परेपछि उनी पदमुक्त भए, अब भन्नुहोस् ओली सरकारले कसरी रविमाथि प्रतिशोध लियो ?*

*अहिले पनि लामिछाने माथि ५ वटा जिल्लामा सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधका मुद्दा विचाराधिन रहिरहेको अवस्थामा रास्वपाले काठमाडौं महानगरका तत्कालिन मेयर बालेन साहलाई आफ्नो पार्टीको उम्मेदवार बनाएर भावि प्रधानमन्त्रीको रुपमा घोषणा गरेको छ । रास्वपाले बालेनको लोकप्रियतालाई भजाएर आफ्नो पार्टीको स्वार्थ पूरा गर्ने उदेश्य लिएको देखिन्छ । भाद्र २३ र २४ गते भएको विध्वसात्मक घटनामा बालेनको सहमति थियो भने भाद्र २३ गते विरोध प्रदर्शन गर्ने जेनजीहरूले नै बताइरहेका हुनाले बालेन समेत २३ गतेको घटनामा अप्रत्यक्ष रुपमा संलग्न रहेको देखिन्छ । रास्वपाले बालेनसँग गरेको सहमतिको ४ नम्वर बुँदामा जेनजीहरूले गरेको आन्दोलनको स्वामिव लिने सहमतिमा रास्वपा र बालेनले सही गरेको हुनाले भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शनमा घुसपैठ गरेका व्यक्तिहरूले नै भाद्र २४ गते विध्वसात्मक घटना घटाएको प्रमाणित भएन र ?*

*राजनीति व्यक्तिमा सिमित भएपछि त्यसबेला असहमति देशद्रोह भन्ने लाग्छ । यस्तो अवस्थामा स्वास्थ्य राजनीति बहस हुन सक्दैन र संगठन भिडतन्त्रमा रुपान्तरण हुन्छ । अहिले रास्वपाप्रति देखिएको भिड त्यसैको प्रतिकमात्र हो । असन्तुष्टिहरू विकल्प बन्न नसक्नुको अर्को कारण हो सत्ता अभ्यासप्रतिको डर । सत्ता बाहिर बसेर आलोचना गर्नु जति सहज हुन्छ त्यति सत्ता सञ्चालन गर्न सहज हुँदैन । पछिल्लो समयमा बैकल्पिक भनिएका धेरै दलहरू सत्तातर्फ नजिकिँदा अन्योलग्रस्त देखिन्थ्यो । शासनको स्पष्ट विकल्प दिनुको सट्टा उनीहरू फेरी सत्तामै बसेर विरोधको भाषामै सिमित भए त्यसको प्रत्यक्ष प्रमाण हो रास्वपा । रास्वपा सत्तामै बसेर विरोधको भाषा बोल्ने र सत्तालाई आफ्नो पार्टी निर्माणका चस्मा अघि बढाउने खेलमा सिमित भएको विगतले देखाएको छ ।*

*देश सँधै संगठित, अनुशासित र बैचारिक राजनीति शक्तिले बनाएको इतिहास रहेको छ । असन्तुष्टिको झुण्डले देश बनाएको इतिहास छैन । असन्तुष्टिले परिवर्तनको ढोका खोल्न सक्छ तर त्यो ढोकाबाट देशलाई अघि बढाउने काम संगठित राजनीतिक शक्तिले मात्र गर्न सक्छ । अझैपनि नेपालमा बैकल्पिकराजनीतिक सम्भव छ तर त्यसका लागि त्यसैलाई आधार बनाएर अड्किनु हुँदैन । असन्तुष्टिलाई विचारमा विचारलाई नीतिमा र नीतिलाई संस्थागत अभ्यासमा रुपान्तरण गर्न सकिएका खण्डमा मात्र बैकल्पिक शक्ति बन्न सकिन्छ । अहिले नेपालको राजनीतिमा सबै भन्दा ठुलो आवश्यकता भनेको धैर्यता, स्पष्टता र इमान्दार राजनीतिक अभ्यास हो । विकल्पको सपना देखाउने मात्र होइन त्यसलाई कार्यान्वयन गर्ने क्षमता देखाउन सक्ने नेतृत्व अहिले चाहिएको छ ।*

*भिडले नेतृत्व होइन राष्ट्र निर्माणको जिम्मेवारी लिन सक्ने नेतृत्व आजको आवश्यकता हो । असन्तुष्टिमा अड्किनु घातक सावित हुन सक्छ । नेपालको अहिलेको समस्या भनेको विकल्पको अभाव होइन, विकल्पको नाममा फैल्याइएको भ्रम मात्र हो । कुनै एउटा नेतालाई देवत्वकरण गरेर नयाँ पार्टीको नाम दिँदैमा त्यसले समस्याको समाधान गर्न सक्ने सम्भावना नै देखिँदैन । नयाँ दलहरूमा अहिले देखिएको भिडतन्त्र हिजो अहिलेका पुराना दलहरूमा समेत देखिएको थियो । तर त्यो भिडतन्त्र पुराना दलहरूमा धेरै टिक्न सकेन । पुराना दलहरू व्यवस्थित र जनताप्रति उत्तरदायी हुन थालेपछि अवसर खोज्दै हिजोको भिडतन्त्र अहिले एउटा व्यक्तिलाई देवत्वकरण गर्दै उसैका पछि लागेको छ । यस्तो भिडतन्त्रले विश्वको कुनै मुलुक बनेको इतिहास आजसम्म छैन । भिडतन्त्रले होइन धैर्यता, स्वास्थ, संगठित, अनुशासित विचारले मात्र देश बन्न सक्छ । भिडतन्त्र आज आउँछ भोली जान्छ त्यो भिडतन्त्र बर्षामा आउने बाढीमात्र हो भन्ने हामीले ठानेका छौँ । जसको प्रमाण हो रास्वपा !*

# कस्तो निर्वाचन ?

डा. प्रेमराज सिलवाल

निर्वाचन लोकमत मापन गर्ने वैधानिक लोकतान्त्रिक विधि हो । लोकतन्त्रमा नागरिकले अभ्यास गर्ने सार्वभौम अधिकार तथा राजनीतिक भूमिकामार्फत आफू स्वयं चुनिने वा आफूले आफ्ना प्रतिनिधिको छनोट गर्न पाउने अधिकार संवैधानिक तथा कानुनी रूपमा प्रस्ट गरिएका हुन्छन् । लोकतान्त्रिक मुलुकको शासन सत्तामा जनता सहभागी भएर शासन गर्ने व्यवस्था निर्वाचनका माध्यमबाट गरिने भएकाले यसलाई जनताद्वारा जनताले जनताका लागि शासन गर्ने प्रणालीसमेत भन्ने गरिएको हो । निर्वाचनका विभिन्न प्रणाली विश्वमा अभ्यासमा रहेका देखिन्छन् । पहिलो हुने निर्वाचित हुने प्रणाली विश्वमा ८७ मुलुकमा लागू गरिएका छन् । समानुपातिक प्रणाली ८० मुलुकमा अभ्यासमा रहेको देखिन्छ । समानुपातिक प्रणालीमा पनि विभिन्न नमुना र अभ्यास देखिन्छन् । समानुपातिकमा सिट प्राप्त गर्न नेपालमा प्रतिनिधिसभातर्फ कुल सदर मतको तीन प्रतिशत मत ल्याउनैपर्ने व्यवस्था छ भने प्रदेश सभातर्फ १.५ प्रतिशतको 'थ्रेसहोल्ड' छ । विश्वमा १२ प्रतिशतसम्म थ्रेसहोल्ड राखिएका छन् । जर्मनीमा समानुपातिकमा सिट पाउन प्रत्यक्षतर्फ न्यूनतम एकजना र कुल सदर मतको पाँच प्रतिशत ल्याउनुपर्ने कानुनी व्यवस्था छ ।

विश्व इतिहासमा इटलीको रोममा इसाको १३औँ शताब्दीतिर रोमन सम्राट्को निर्वाचन भयो । निर्वाचित राजालाई पोप सम्राट्ले शिरमा श्रीपेच लगाइदिन्थे । पहिलो आधुनिक निर्वाचनका रूपमा प्रथम अमेरिकी राष्ट्रपतिको निर्वाचनलाई लिइन्छ । सन् १७८८-८९ मा भएको निर्वाचनले सन् १७८८ मा बनेको अमेरिकी संविधानलाई अनुमोदन गऱ्यो । 'एक व्यक्ति एक भोट'को सिद्धान्तलाई उक्त अमेरिकी निर्वाचनपछि विश्वभर निर्वाचनसम्बन्धी सिद्धान्तको रूपमा लिने गरिएको छ । निर्वाचक मण्डलमार्फत निर्वाचन गर्ने प्रणाली जर्मनीबाट थालियो । नेपालमा राष्ट्रपति, उपराष्ट्रपति र राष्ट्रिय सभाका ५६ जनाको निर्वाचन यस्तै निर्वाचक मण्डलबाट चयन गर्ने गरिएको छ ।

आवधिक निर्वाचन, समान मताधिकार, लोकतन्त्रमा प्रत्येक नागरिक कानुनअनुसार निर्वाचनमा 'चुन्न र चुनिन पाउने', गोप्य मतदान हुने, प्रत्येक मतको गणना र अर्थ हुने, राजनीतिक विचारधारा, राजनीतिक दलमार्फत आफूलाई प्रस्तुत गर्न पाउने, राजनीतिक विचार र संगठनको स्वतन्त्रता, नागरिक सरोकारका मुद्दा उठाउन र बोल्न पाउने अधिकार एवं अवसरका रूपमा निर्वाचनलाई विश्लेषण गरिँदै आएको छ । मानव अधिकारको विश्वव्यापी घोषणा (सन् १९४८) र नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध (सन् १९६६) ले नागरिकको राजनीतिक र वैचारिक स्वतन्त्रता एवं राजनीतिक अधिकारलाई मानव अधिकार मानिएको छ । नेपालको संविधानमा समेत नागरिकका मौलिक हकअन्तर्गत राजनीतिक तथा वैचारिक स्वतन्त्रताको पूर्णतः सुरक्षा गरिएको छ ।

लोकतन्त्रमा स्वतन्त्र, निष्पक्ष, धाँधलीरहित, नागरिकको पूर्ण सहभागिता सुनिश्चित भएको आवधिक निर्वाचनलाई अनिवार्य सर्त मानिएको छ । लोकतान्त्रिक प्रणालीको संरचनात्मक, संस्थागत र विधिसम्मत विकासमा आवधिक निर्वाचनले सहयोग गर्ने भए पनि स्वतन्त्र, निष्पक्ष र धाँधलीरहित निर्वाचनविना केवल आवधिक निर्वाचन सम्पन्न हुनुले मात्र लोकतन्त्र सुदृढ र सफल बन्ने होइन । सन् २०२५ अघि बंगलादेशमा प्रधानमन्त्री सेख हसिनाले १५ वर्षसम्म गराउँदै आएकोजस्तो निर्वाचन, नेपालमा पञ्चायत कालमा हुने गरेका निर्दलीय चुनाव र तत्कालीन राजा ज्ञानेन्द्रले गरेको नगर निर्वाचन आदिले नागरिकको अपनत्व पाउन सकेन । चुनावलाई 'नागरिकको आफ्नो चाडपर्वजस्तो' बनाउन सकेमा मात्र त्यसले सार्थकता पाउन सक्छ । निर्वाचन सार्थक र अर्थपूर्ण बनाउन नागरिक सचेत, सूचित र शिक्षित हुनुपर्छ । ग्रिक दार्शनिक प्लेटोले शिक्षित र सम्पन्नलाई मतको अधिकार हुने भनेका थिए । दास, सम्पत्तिहीन र अशिक्षितलाई मतको अधिकार दिन आवश्यक नहुने उनको मत थियो । विश्वमा महिलालाई मतको अधिकार उन्नाइसौँ शताब्दीबाट दिएको पाइन्छ । अमेरिकामा सन् १८६९ बाट मात्र महिलालाई मतको अधिकार दिइयो । राष्ट्रिय निर्वाचनमा महिलालाई सर्वप्रथम भोटको अधिकार दिने मुलुक न्युजिल्यान्ड हो । जहाँ सन् १८९३ मा महिलालाई मतको अधिकार दिइयो ।

नेपालमा २०१५ साल फागुन ७ देखि वैशाख २१ गतेसम्म नेपालमा बालिग मताधिकारका आधारमा निर्वाचन सम्पन्न भयो । जसमा नौवटा राजनीतिक दलले भाग लिए । नेपाली कांग्रेसले १०९ सिटमध्ये ७४ सिट जित्यो । नेपाली कांग्रेसका नेता विश्वेश्वरप्रसाद कोइराला प्रधानमन्त्री



हुनुभयो । डडेल्धुराबाट निर्वाचित द्वारिकादेवी ठकुरानी पहिलो निर्वाचित महिला सांसद र मन्त्रीसमेत बन्नुभयो । ०३६ सालमा भएको पञ्चायती शासनविरोधी विद्यार्थी आन्दोलनपछि ०३७ साल वैशाख २० गते राष्ट्रिय जनमत संग्रह गरियो । ०१७ साल पुस १ गतेदेखि लागू भएको पञ्चायती एकदलीय व्यवस्था २०४६ साल चैत २६ गतेसम्म चल्यो ।

०४६ सालमा भएको राजनीतिक परिवर्तनपछि नेपाल अधिराज्यको संविधान, २०४७ जारी भयो । २०५ सदस्यीय प्रतिनिधिसभाको प्रबन्ध संविधानले गऱ्यो । ०४८ साल वैशाख २९ गते बहुदलीय व्यवस्थाअन्तर्गतको पहिलो प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । प्रजातन्त्र पुनर्स्थापनापछि सम्पन्न निर्वाचनमा कांग्रेसले ११० सिटमा विजय हासिल गऱ्यो । नेपाल कम्युनिस्ट पार्टी (एमाले) ले ६९ सिट जित्यो । ०४९ साल जेठ १५ र १८ गते स्थानीय निर्वाचन सम्पन्न भयो । ०५१ साल कात्तिक २९ गते दोस्रो प्रतिनिधिसभाको मध्यावधि निर्वाचन गरियो । एमाले ८८ सिटसहित एमाले पहिलो र ८३ सिटसहित नेपाली कांग्रेस दोस्रो स्थानमा रहे । ०५४ साल जेठ ४ तथा जेठ १३ मा गाउँ विकास समिति र नगरपालिकाको निर्वाचन गरियो । २०५६ साल वैशाख २० र जेठ ३ मा नेपालमा प्रतिनिधिसभाको निर्वाचन सम्पन्न भयो । ०५२ साल फागुन १ गतेदेखि नेकपा माओवादी पार्टीले सशस्त्र युद्ध सुरू गरेपछि द्वन्द्वको बिचमै पनि चुनाव सम्पन्न भयो । ०५६ सालको निर्वाचनमा पुनः कांग्रेसले १११ सिट जित्यो । एमाले ७१ सिटसहित प्रमुख प्रतिपक्षी दल बन्यो । ०५८ साल जेठ १९ मा राजपरिवारको हत्यापछि ०५८ साल असोज १८ मा तत्कालीन राजा ज्ञानेन्द्रले निर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरेपछि ०६२ साल माघ २६ गते राजा ज्ञानेन्द्रको नेतृत्वको सरकारले नगरपालिकाको निर्वाचन गरायो । दलहरूले बहिष्कार गरेपछि त्यसले सामाजिक र राजनीतिक वैधता पाउन सकेन ।

दोस्रो जनआन्दोलनपछि २०६३ साल वैशाख ११ गते विघटित प्रतिनिधिसभाको पुनर्स्थापना भयो । संसद्ले नेपालको अन्तरिम संविधान, २०६३ जारी गऱ्यो । निर्वाचित संविधानसभामार्फत संविधान निर्माण गर्न ०६४ साल चैत २८ गते पहिलो संविधानसभाको निर्वाचन भयो । चुनावमा कुल २२० सिटमा विजयी भएर ६०१ सदस्यीय संविधानसभामा नेपाल कम्युनिस्ट पार्टी (माओवादी) सबैभन्दा ठुलो दल बन्यो । कांग्रेस कुल ११० तथा नेकपा एमाले १०३ सिटमा विजयी भए । ०७० साल मंसिर ४ गते अर्को संविधानसभाको निर्वाचन भयो । त्यसमा चाहिँ नेपाली कांग्रेसले कुल १९६, नेकपा एमाले १७५ र माओवादी ८० सिटमा विजयी भए । ०६४ सालमा २६ वटा राजनीतिक दलको संसद्मा उपस्थिति रहेकोमा ०७० सालमा ३१ वटा दल (स्वतन्त्रसहित) को प्रतिनिधित्व रह्यो ।

०७२ साल असोज ३ गते निर्वाचित संविधानसभाले संविधान घोषणा गरी लागू गरेपछि भएको पहिलो निर्वाचन ०७४ साल वैशाख ३१, असार १४ र असोज २ गते गरी तीन चरणमा संविधानअनुसारका स्थानीय तहका निर्वाचन सम्पन्न भएका थिए । उक्त निर्वाचनमा १४ हजार ९९ निर्वाचित प्रतिनिधि संख्यासहित मुलुकभरमा एमाले शक्तिशाली बन्यो । दोस्रो र तेस्रोमा क्रमशः नेपाली कांग्रेस र माओवादी रहे । ०७४ मंसिर १० र २१ गते दुई चरणमा प्रतिनिधिसभाको निर्वाचन गरियो । २७५ सदस्यीय उक्त प्रतिनिधिसभामा प्रत्यक्ष र समानुपातिक गरी एमालेले कुल १२१ सिट जित्यो । नेपाली कांग्रेस ६३ र माओवादी ४३ सिटमा विजयी भए । त्यसपछि विभिन्न मितिमा प्रदेश सभाका निर्वाचन सम्पन्न भएका थिए । ०७९ वैशाख ३० गते स्थानीय तहको निर्वाचन गरियो । ०७९ मंसिर ४ गते प्रतिनिधिसभा र प्रदेश सभाको निर्वाचन सम्पन्न भयो । प्रतिनिधिसभातर्फ (प्रत्यक्ष र समानुपातिक दुवैमा) नेपाली कांग्रेस ८८ सिटसहित पहिलो, ७८ सिटसहित एमाले दोस्रो, ५४ सिटसहित माओवादी तेस्रो र २१ सिटसहित राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) चौथो ठुलो दलका रूपमा संसद्मा निर्वाचित भए । संसद्मा कुनै एउटा दल र गठबन्धन समूहको प्रस्ट बहुमत नहुँदा सरकार संविधानको धारा ७६ (२) अनुसार दुईभन्दा बढी दलको बनाउनुपर्ने बाध्यताको चक्रव्यूहले ०८२ साल भदौ २३-२४ को अवस्थासम्म ल्यायो । भदौमा भएको जेन-जी आन्दोलनपछि देश ०८२ साल फागुन २१ गतेको प्रतिनिधिसभा निर्वाचनमा होमियो । मुलुकले विभिन्न कालखण्ड र राजनीतिक व्यवस्थाअन्तर्गत अनेक निर्वाचन गराउँदै आएको छ । फागुनको प्रतिनिधिसभा निर्वाचनलाई अर्को एक थान निर्वाचन मात्र हो भन्ने ढंगले बुझ्नुहुँदैन । नेपालको राजनीतिक, सामाजिक, कानुनी र आर्थिक परिवर्तनमा यस निर्वाचनले ठुलो भूमिका खेल्न सक्छ । त्यसैले, आगामी निर्वाचनलाई सफल पार्ने कार्यमा सहयोगी भूमिका खेल्न आममतदाता सचेत र गम्भीर बन्नुपर्ने अवस्था छ । *- नयाँ पत्रिका*

# मूल्यहीन राजनीति, अर्थहीन उपलब्धि

भोजराज पौडेल

गोप्य मतदान गर्न अब कसैलाई इच्छा छैन । तत्काल सबै कुरा नगदी चाहिने कारोबारी समाजमा यसरी गोप्य रूपमा मतदान गरेर खासै फाइदा पनि छैन । नागरिकलाई जसरी गोप्य मतदानको कुनै फाइदा छैन । त्यसैगरी राज्यलाई पनि मतदानको काम गोप्य बनाउन सकसपूर्ण र खर्चिलो छ । त्यसकारण मतदान त अब खुला गर्दा पनि हुन्छ । मैले किन यसो भनिरहेको छु भने समाजमा अब मूल्यमान्यता, आदर्श, गोपनीयता भन्ने कुराको खासै अर्थ रहेन । कम्तीमा वर्तमान समयमा यी विषय अर्थहीन भइसकेका छन् । ऐनामा देखिने नेपाली समाज आर्थिक रूपले गरिब मात्र नभई सामाजिक रूपमा कुरूप देखिन्छ । यस्तो गरिब र कुरूप समाजले एउटा चुनावपश्चात् धनी हुने मात्र होइन, सभ्य पनि हुने आशा राखेको छ ।

सन् १८५६ भन्दाअघि निर्वाचनहरू पूर्ण रूपमा सार्वजनिक हुन्थे । मतदाताहरूले आफ्नो मत खुल्ला रूपमा घोषणा गर्नुपर्थ्यो । वा भनौं रंगीन पार्टी टिकट प्रयोग गर्नुपर्थ्यो । जसले उनीहरूको रोजाइ सबैलाई थाहा हुन्थ्यो । निर्वाचनको यो प्रक्रियाले अनेकौं समस्या ल्याउन थाल्यो । धनी जमिनदार र मालिकहरूले सजिलै आफ्ना कामदार वा भाडामा बस्नेहरू कसरी मतदान गर्छन् भनेर थाहा पाउँथे । यदि कसैले 'गलत' उम्मेदवारलाई मत दियो भने उसलाई जागिरबाट निकाल्ने वा घरबाट निकाल्ने डर हुन्थ्यो । त्यसैगरी, उम्मेदवारहरूले स्थानीय भट्टीहरूमा निःशुल्क रक्सी र खाना बाँडेर मतदातालाई प्रभावित गर्थे । यसले सामूहिक मद्यपान, हुलदंगा र दंगा निम्त्याउँथ्यो । मतगणना हरेक घण्टा सार्वजनिक रूपमा टाँसिन्थ्यो, जसले प्रतिद्वन्द्वी मतदातामाथि आक्रमण गर्न भीडलाई उक्साउँथ्यो । सन् १८४३ मा सिड्नी र मेलबर्नमा निर्वाचनका दौरान फैलिएको हिंसामा गोली लागेर दुई जनाको मृत्यु भएको थियो । यस्तो अराजकता, डर र हिंसालाई अन्त्य गर्न अस्ट्रेलियामा 'अस्ट्रेलियन मतपत्र' प्रणाली ल्याइयो । यसबाट मत गोप्य राख्ने मात्रै होइन, तीनवटा महत्त्वपूर्ण सुधारहरूको सुरूवात भएको थियो । पहिलो, सरकारले छापेको औपचारिक मतपत्रको प्रयोग । त्यसभन्दा पहिले राजनीतिक दलहरूले आफ्नै मतपत्र छाप्थे । नयाँ प्रणालीमा सरकारले सबै उम्मेदवारको नाम भएको एकरूप, औपचारिक मतपत्र उपलब्ध गरायो । दोस्रो, गोप्य मतदान कक्षको व्यवस्था गरियो । मतदाताले पहिलो पटक छुट्टै, गोप्य कक्षभित्र गएर आफ्नो मत दिन पाए । यसले मतदाताको रोजाइ पूर्ण रूपमा गोप्य बनायो । तेस्रो, मानकीकृत चिह्न लगाउने तरिका सुरू भयो । मतदाताले आफूले चाहेको उम्मेदवारको नामको छेउमा चिह्न लगाउने सुधार ल्याइयो । यही सुधारित तरिका पछि विश्वभर फैलियो ।

अस्ट्रेलियाको यो प्रयोग यति सफल भयो कि छिट्टै विश्वका ठूला शक्तिहरूले यसलाई अपनाए । बेलायतले सन् १८७२ मा मतपेटिका ऐन पारित गरेर यो प्रणाली लागू गऱ्यो । जसले निर्वाचनको लागत र हिंसा उल्लेख्य रूपमा घटायो । अमेरिकाको म्यासाचुसेट्स् राज्यले सन् १८८८ मा पहिलो पटक यो प्रणाली अपनायो । अस्ट्रेलियाबाट सुरू भएको गोप्य मतपत्र प्रणालीले निर्वाचन प्रक्रियामा पारदर्शिता, निष्पक्षता र स्वतन्त्रता ल्यायो । मतदाताको रोजाइ सुरक्षित र गोप्य बन्यो, जसले लोकतन्त्रको जग बलियो बनायो । आज, विश्वका अधिकांश देशहरूमा गोप्य मतपत्र प्रणाली अपनाइएको छ । अस्ट्रेलियाको सानो सुधारले विश्वभर लोकतान्त्रिक अभ्यासमा गहिरो प्रभाव पारेको छ । निर्वाचनको इतिहासमा यो एक महत्त्वपूर्ण मोड हो, जसले मतदातालाई डर, दबाब र हिंसाबाट मुक्त गऱ्यो ।

यस ऐतिहासिक परिवर्तनले सस्तो लोकप्रियता, डर र हिंसाबाट माथि उठेर, नागरिकको स्वतन्त्रता र गोपनीयताको रक्षा गर्न सकिन्छ भन्ने देखायो । गोप्य मतपत्र प्रणालीले लोकतन्त्रलाई मात्र होइन, नागरिकको आत्मसम्मान र अधिकारलाई पनि नयाँ उचाइमा पुऱ्यायो । यही कारणले सन् १८५६ को अस्ट्रेलियन मतपत्र प्रणालीलाई निर्वाचन प्रशासनको इतिहासमा 'क्रान्ति' मानिन्छ । तर समयसँगै अहिले आएर पुनः निर्वाचन उन्मत्त नाटक जस्ता देखिन थालेका छन् ।

नेपालको इतिहासमा जम्मा आठवटा आमनिर्वाचन भए । ती चुनावले दिएका लगायत गरेर मुलुकले ३९ वटा प्रधानमन्त्री पायो । सयौं मन्त्री भए । हजारौं सांसद बने । यी सबले लाखौं वाचा गरे । ती सबै वाचा केवल वाचामा रहे । त्यतिमात्र होइन, एउटा समयले नेता मानेका व्यक्तिहरू अब नेता हुन लायकसम्म रहेनन् । समाजले उनीहरूलाई अन्य कुनै स्वरूपमा देख्छ । दर्जनौं प्रधानमन्त्री, सयौं मन्त्री र हजारौं सांसदले गर्न नसकेको काम हामीले अब निर्वाचित हुने एउटा प्रधानमन्त्री, केही थान मन्त्री र सांसदबाट हुनेछ भन्ने आशा राखेर आफ्नो गोप्य मतदान गर्न पाउने हक पनि अब नचाहिने जस्तो गरिरहेका छौं । समाज यसरी ध्रुवीकृत भइरहेको छ कि जो कोही पनि खुला मतदान गर्न पनि तयार छ जस्तोगरी समाज प्रस्तुत भइरहेको छ ।

एउटा गरिब परिवारमा जन्मेको नेपाली युवालाई चाहिएको भनेको सामान्य रोजगारी हो । त्यसका लागि आर्थिक विकास हुन जरूरी छ । तर त्यो कहाँबाट आउँछ, कसरी हुन्छ भन्नेबारे समकालीन नेपाली समाजका कुनै पनि नेताले बताउन सकेका छैनन् । त्यतातिर चेष्टा पनि छैन । किनभने समाजले एउटा नायकको खोजी गरिरहेको अवस्थामा आर्थिक क्रान्तिको रणनीति बनाउनतिर लागेर कुनै फाइदा छैन । त्यसकारण दल र नेताहरू समाजलाई आकर्षक लाग्ने नारा दिइरहेका छन् । ती नाराले के सन्देश दिइरहेका छन् र भोलिका दिनमा हामी कता जाँदै छौं भन्नेमा नेपाली जनता, नागरिक समाज, सञ्चार माध्यम र विज्ञ तथा प्राज्ञहरू मौन छन् । यो मौनतालाई एउटा कोलाहलले कब्जा गरेको छ । त्यो कोलाहल कसले सिर्जना गरिरहेको छ, त्यहाँभित्र के सन्देश छ भन्नेमा स्पष्टता छैन । यसकारण हामी अन्योलपूर्ण अवस्थामा छौं । आजको दिनको पहिलो प्राथमिकता समयमा निर्वाचन सम्पन्न गराउनुपर्ने भएकाले सबैको ध्यान त्यसमा छ भनेर शंकाको सुविधा सबैलाई उपलब्ध छ ।

सबै कुरा यथावत् रहेमा २१ फागुनमा चुनाव हुन्छ । चुनावको नतिजाले सार्वभौम नेपाल राज्यको संसद्मा प्रतिनिधित्व दिन्छ । ती प्रतिनिधिले एउटा सरकार दिनेछन् । त्यो सरकारलाई प्रधानमन्त्रीले नेतृत्व गर्नेछन् । ती प्रधानमन्त्रीले कस्तो राजनीति गर्छन्, आर्थिक क्रान्तिका लागि कुन बाटो हिँड्छन् र मुलुकका दुई ठूला छिमेकी तथा अन्य मित्रराष्ट्रसँग कस्तो सम्बन्ध कायम गर्छन् भन्ने कुरा हाम्रा लागि महत्त्वपूर्ण हो । तपाईंहरू भन्नुहोला यी सब कुरा घोषणापत्रमा आउँछन् । हो, घोषणापत्रमा धेरै विषय आउँछन् । मूल र तपसिलका विषय सबै आउँछन् । तर के आउँदैन भने हामीले चुनेको नेतृत्वको व्यावहारिक चालचलन र व्यावसायिक निष्ठा आउँदैन । दलका घोषणापत्रमा लेखिएका विषय कार्यान्वयन हुनका लागि व्यावहारिक रूपमा असल चालचलन, व्यावसायिक निष्ठा र दार्शनिक रूपमा उच्च नैतिक धरातल भएको नेतृत्वको आवश्यकता पर्छ । एउटा जीवित लोकतान्त्रिक अभ्यास भएको मुलुकमा आर्थिक विकासका काम अगाडि बढाउन, सु-शासन कायम गर्न, भ्रष्टाचार नियन्त्रण गर्न र समाजलाई सही दिशा र गति दिन कुनै एक जना नेता, उसको वरिपरि झुम्मिने कार्यकर्ता र स्वार्थकेन्द्रित समूहबाट मात्र सम्भव हुन्न । कसरी सम्भव हुन्छ, त्यसमा छलफल हुन जरूरी छ । अथवा, कम्तीमा नेतृत्वले बताउन सक्नुपर्छ ।

हामीले खोजेको दोहोरो अंकको आर्थिक वृद्धिदर हो । यसमा कुनै अलमल छैन । त्यो कसरी हासिल गर्न सकिन्छ ? हाम्रो अर्थतन्त्रका संरचनात्मक जटिलताहरू के हुन् । कहाँबाट सुरू गर्ने हो ? हामीले भारतसँग कसरी हातेमालो गर्ने हो ? भारतसँग हामीले भरपर्दो रूपमा सबै तहमा सहकार्य गर्न जरूरी छ । यसो गर्दा हामीले चीनसँग के कुरामा सहकार्य गर्छौं ? अन्य मित्रराष्ट्रसँग हामी समदूरीमा बसेर कसरी काम गर्न सक्छौं ? यी विषयमा छलफल हुन जरूरी छ । घोषणापत्रमा आउँछ भन्ने जवाफ फर्काएर हुँदैन । घोषणापत्र भनेको त आधारभूत विषय हो । राजनीतिक दलले तिनमा सबै कुरा लेख्न स्वतन्त्र छन् र सक्छन् । तर मुख्य विषय भने स्पष्ट रूपमा आउन जरूरी छ ।

राजनीतिक दलहरू चुनावको प्रक्रियामा छन् । तर उनीहरूले के भुलिरहेका छन् भने यो मुलुकको आर्तनाद र युवायुवतीको बाध्यता केवल चुनावी नारा होइन । यसकारणले ठोस पहल गर्न नसक्ने र मुलुकको विकासको स्पष्ट खाका अगाडि सार्न नसक्नेले यो समयलाई जित्न सक्ने छैनन् । पछिल्लो समय आर्थिक रूपमा अगाडि बढिरहेका धेरै मुलुकमा कुनै न कुनै रूपमा राजनीतिक एकात्मकता छ । कार्यपालिका, न्यायपालिका र व्यवस्थापिकाबीच शक्तिको बाँडफाँट छैन । एकले अर्कोलाई सन्तुलनमा राख्ने गरी काम गर्दैनन् । नेपाल त्यस हिसाबमा नितान्त फरक अवस्थामा छ । यो वास्तविकतालाई आत्मसात् नगरीकन हामीले गर्ने विकासको यात्रा दीर्घकालीन हुन सक्दैन । यही अवस्थामा परियोजनागत हिसाबले समाजलाई राजनीतिक रूपमा ध्रुवीकरण गर्ने नेता पनि हामीलाई चाहिएको छैन । नेपालले मान्दै आएका अन्तर्राष्ट्रिय मान्यता र दर्शनमा आधारित भएर काम गर्ने राजनीतिक नेतृत्व हामीलाई चाहिएको छ ।

पछिल्ला वर्षहरूको राजनीतिक परिदृश्यलाई नजिकबाट हेर्दा मुलुकमा स्वतन्त्रता, लोकतन्त्र र नागरिक अधिकार जस्तो विषय केवल संविधानमा लिपिबद्ध छन् । तिनको व्यावहारिक कार्यान्वयन भइरहेको छैन । ड्यारोन एसिमोग्लु र जेम्स रोबिन्सनले 'द नेरो कोरिडोर : स्टेट्स, सोसाइटिज्, एन्ड द फेट अफ लिबर्टी (२०१९)' मा भनेझैं स्वतन्त्रता न त कुनै प्राकृतिक अवस्था हो, न त प्रगतिसँगै स्वतः प्राप्त हुने उपलब्धि । यो त राज्य र समाजबीचको निरन्तर सन्तुलनमा मात्र सम्भव हुन्छ । जुन उनीहरूका अनुसार एक साँघुरो गल्ली हो । त्यही साँघुरो गल्लीभित्र निर्वाचन सम्पन्न हुन्छ । हामीले नयाँ राजनीतिक नेतृत्व चुन्ने मौका पाउँछौं । नेपालमा सम्पन्न भएका हरेक निर्वाचनले एउटा नयाँ आशा र अपेक्षाको लहर ल्याउँछन् । विभिन्न कालखण्डमा नयाँ राजनीतिक शक्ति र राजनीतिक नेतृत्वको उदयले नागरिकमा परिवर्तनको चाहना झनै बलियो बन्छ । तर, अनुहार फेरेर या नयाँ शक्ति ल्याएर मात्र हामीले खोजेको समाजको निर्माण सम्भव छैन । न त आर्थिक विकास हुन सक्छ । स्वतन्त्रता सुरक्षित हुँदैन । राज्य बलियो हुँदैन । यी सबै कुरा आर्जन गर्नका लागि हामीले उदाएका नयाँ शक्ति र नेतृत्वलाई निरन्तर निगरानी र नियन्त्रणमा राख्न सक्नुपर्छ ।

निर्वाचनले राज्यलाई शृंखलाबद्ध गर्छ । नागरिकले नेता छान्ने, निगरानी गर्ने र दण्डित गर्ने अधिकार पाउँछन् । तर, केवल निर्वाचन र संविधान भएर मात्र पुग्दैन । यदि समाज स्वतन्त्र रूपमा संगठित हुन सक्दैन भने औपचारिक लोकतन्त्र सतही आवरण मात्र हुन्छ । धेरै देशहरूले आवधिक निर्वाचन गर्दै संविधानको सुरक्षा गरे पनि नागरिकलाई साँचो रूपमा स्वतन्त्र हुनबाट वञ्चित गरिरहेका छन् । यसको बाबजुद केही देशहरूले जस्तो कि, पूर्वी एसियामा आर्थिक रूपमा विकास गरेर नागरिकलाई रोजगारी तथा आम्दानीको प्रत्याभूति गर्छन् । नेपालमा राज्यका निकायहरू, आयोगहरू र कानुनी संरचनाहरू कागजमा बलियो देखिए पनि व्यवहारमा व्यक्तिगत सम्बन्ध, सिफारिस र अव्यवस्थाले नागरिक निराश छन् । हाम्रो राज्य कागजमा लोकतान्त्रिक देखिन्छ, तर सेवा दिन र कानुन कार्यान्वयन गर्न असक्षम छ । नागरिकले मतदान त गर्छन्, तर भ्रष्टाचार, जटिलता वा अव्यवस्थाले उनीहरू पुनः जहाँको त्यहीँ पुग्छन् ।

निर्वाचन केवल नेता छान्ने प्रक्रिया होइन । नागरिकले राज्यलाई जवाफदेही बनाउने औजार हो । जात, क्षेत्र वा व्यक्तिगत स्वार्थका कारण मुलुकमा नागरिकले पारदर्शिता र उत्तरदायित्वको माग गर्न सकिरहेका छैनन् । राज्य कमजोर छ तर राज्यभित्रका विभिन्न अवयवहरू जटिल र शक्तिशाली छन् । समाजले त्यस्ता विषाक्त अवयवलाई सजग भएर निगरानी गर्नुपर्छ । यसकारण एउटा उन्नत समाजको निर्माण र बलियो राज्यको विकास नागरिकको निरन्तर संघर्ष हो । अमेरिका जस्तो परिपक्व लोकतन्त्रमा समेत निर्वाचन प्रणालीलाई आफ्नो पक्षमा मोड्न थाले भने नेपालजस्ता गरिब मुलुकमा त यो झनै चुनौतीपूर्ण छ ।

कहिलेकाहीं जनताको आन्दोलनले समाजलाई सशक्त बनाउँछ । जेन-जी आन्दोलनले मुलुकमा अहिले त्यही काम गरेको देखिन्छ । समाजमा विविध र नयाँ प्रतिनिधित्वको माग बढाउँछ । नेपालमा पछिल्ला वर्षहरूमा देखिएको नयाँ शक्तिहरूको उदयले नागरिकमा जागरण ल्याएको छ । पुराना दलहरूको विकल्प खोज्ने चाहना बढेको छ । तर संस्थागत सुधारभन्दा बढी अनुहार परिवर्तनमा जोड दिइयो भने हामी फेरि अर्को जोखिममा पर्न सक्छौं । स्वतन्त्र न्यायपालिका, स्वतन्त्र प्रेस र अन्य संस्थाहरूको बलियो भूमिकाको आवश्यकता छ, जसले नागरिकसँग हातेमालो गरेर राज्यलाई निगरानीमा राख्न सक्छन् ।

आजको डिजिटल युगमा प्रविधिले नागरिकलाई सशक्त बनाएको छ । सामाजिक सञ्जाल र डिजिटल प्लेटफर्महरूले नयाँ आन्दोलनलाई अधिकार माग्न सजिलो बनाएका छन् । यिनै प्रविधिहरू अधिनायकवादी राज्यका लागि निगरानी र नियन्त्रणको हतियार पनि बन्न सक्छन्, जसले शक्ति सन्तुलन राज्यतर्फ झुकाउन सक्छ । प्रविधिको प्रयोगले नागरिकमा जागरण ल्याएको छ, तर गलत सूचना, विभाजन र निगरानीको खतरा बढेको छ । एउटा सभ्य समाज निर्माणको हाम्रो यात्रामा यो अर्को जोखिम हो । जसलाई हामीले चनाखोपूर्वक हेर्नुपर्ने हुन्छ ।

स्वतन्त्रता सुरक्षित राख्न समाजको सक्रियता, सचेतना र सहभागिता अनिवार्य छ । निर्वाचनका बेलामा हामी केवल अनुहारमा सन्तुष्ट हुनु हुँदैन । संस्थागत सुधार, पारदर्शिता र नागरिक अधिकारको रक्षा गर्ने सन्दर्भमा ती अनुहारहरूले के बताइरहेका छन् भन्नेमा हाम्रो ध्यान जान जरूरी छ । नागरिक स्वतन्त्रता भनेको सधैं सन्तुलनमा टिकेको, सजग नागरिक र जवाफदेही राज्यबीचको एक नाजुक सम्बन्ध हो । हाम्रो स्वतन्त्रता र लोकतन्त्रको भविष्य सामूहिक सजगता, सहभागिता र संस्थागत सुधारमा निर्भर छ । नागरिक समाजलाई सशक्त बनाउने, राज्यलाई जवाफदेही बनाउने र समावेशी संस्था निर्माण गर्ने दिशामा काम अगाडि बढेन भने हामी दीर्घकालीन रूपमा सुरक्षित नरहन पनि सक्छौं । यसतर्फ हाम्रो ध्यान जान जरूरी छ ।

निर्वाचन, नयाँ शक्ति तथा अनुहार र प्रविधिको प्रयोगमा हामी सचेत बन्नुपर्ने हुन्छ । नागरिक सक्रियता, संस्थागत लचकता र निरन्तर सन्तुलनमा निर्भर रहने यी विषयलाई हामीले सचेत भएर मूल्यांकन गर्नुपर्छ । तब मात्र हामी र हाम्रो समाज सुरक्षित रहन्छ । एउटा सुरक्षित समाजमा मात्र हामीले आर्थिक सम्भावनाको ढोका खोल्न सक्छौं । *-कान्तिपुर*



# मुद्रास्फीतिमा देखिन थाल्यो चाप, अधिक सुविधामा बाह्य क्षेत्र

काठमाडौं । चालू आर्थिक वर्ष ०८२/८३ को ६ महिनामा अर्थतन्त्रको बाह्य क्षेत्रमा अधिक सुविधा कायम रहे पनि बढ्दो उपभोगले मुद्रास्फीतिमा (महँगीदर) चाप देखिन थालेको छ । बढ्दो उपभोगसँगै आयातमा भएको वृद्धिले महँगीदर पनि बढ्दै गएको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको 'देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति'ले पुसमा मुद्रास्फीति २.४२ प्रतिशत रहेको छ । मंसिरमा यस्तो मुद्रा स्फिति १.६३ प्रतिशत र कात्तिकमा १.११ प्रतिशत थियो । भारतमा पनि मुद्रास्फीति बढ्दै गएकाले त्यसको असर नेपालमा देखिएको हो । भारतमा पुसमा १.३३ प्रतिशत, मंसिरमा ०.७१ प्रतिशत र कात्तिकमा ०.२५ प्रतिशतको मुद्रास्फीति भएको देखिन्छ । नेपालको आयात बजार भारतमै बढी निर्भर रहेकाले त्यहाँ हुने मुद्रास्फीतिले नेपाली बजार प्रत्यक्ष प्रभाव पार्छ ।

चालू आव ०८२/८३ को ६ महिनामा १४.२ प्रतिशतले आयात बढेको छ । साउनदेखि पुससम्म कुल वस्तु आयात नौ खर्ब ३९ अर्ब दुई करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात ७.१ प्रतिशतले वृद्धि भएको थियो । वस्तु आयात गरिने मुलुकका आधारमा भारतबाट हुने आयातमा ५.९ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट २२.१ प्रतिशतले वृद्धि भएको छ ।

उपभोग बढ्दा यसले कर्जा विस्तारलाई पनि मलजल गरेको देखिन्छ । समीक्षा अवधिमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रमा प्रवाहित कर्जा ३.६ प्रतिशत अर्थात् एक खर्ब ९७ अर्ब ४७ करोडले बढेर ५६ खर्ब ९५ अर्ब १७ करोड पुगेको छ । यद्यपि, यो अघिल्लो वर्षको सोही अवधिको तुलनामा भने न्यून हो । अघिल्लो वर्षको सोही अवधिमा यस्तो कर्जा दुई खर्ब ६५ अर्ब ५६ करोड अर्थात् ५.२ प्रतिशतले बढेको थियो । वार्षिक विन्दुगत आधारमा ०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट निजी क्षेत्रतर्फ प्रवाहित कर्जा ६.७ प्रतिशतले बढेको छ ।




कर्जा विस्तारको तुलनामा निक्षेप संकलनको वृद्धिदर भने उच्च देखिन्छ । बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप ५.७ प्रतिशत अर्थात् चार खर्ब १७ अर्ब ४८ करोडले वृद्धि भई ७६ खर्ब ८१ अर्ब ३५ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो निक्षेप ३.७ प्रतिशत अर्थात् दुई खर्ब ३९ अर्ब ६ करोडले बढेको थियो । वार्षिक विन्दुगत आधारमा ०८२ पुस मसान्तमा बैंक तथा वित्तीय संस्थामा रहेको निक्षेप १४.८ प्रतिशतले बढेको छ ।

विदेशी मुद्रा सञ्चिति ३२ खर्ब ४२ अर्ब

उपभोग बढेर मुद्रास्फीतिमा चाप परे पनि देशको अर्थतन्त्रको बाह्य क्षेत्र भने अधिक सुविधाजनक अवस्थामै रहेको तथ्यांकले देखाएको छ । कुल विदेशी विनिमय सञ्चिति ३२ खर्ब ४२ अर्ब ४५ करोड छ । अमेरिकी डलरमा उक्त सञ्चिति २२ अर्ब १७ करोड पुगेको छ । असारसम्म यस्तो सञ्चिति २६ खर्ब ७७ अर्ब रूपैयाँ थियो भने डलरमा १९ अर्ब ५० करोड थियो । अहिलेको सञ्चिति १८.१ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको केन्द्रीय बैंकले जानकारी दिएको छ ।

चालू खाता चार खर्ब २९ अर्ब ९१ करोडले बचतमा पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालू खाता एक खर्ब ६५ अर्ब ६७ करोडले बचतमा थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा एक अर्ब २३ करोडले बचतमा रहेको चालू खाता समीक्षा अवधिमा तीन अर्ब तीन करोडले बचतमा छ ।

त्यस्तै, शोधनान्तर स्थिति पाँच खर्ब एक अर्ब २४ करोड बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति दुई खर्ब ४९ अर्ब २६ करोडले बचतमा थियो । समीक्षा अवधिमा आठ अर्ब १७ करोड प्रत्यक्ष वैदेशिक लगानी (इक्विटी मात्र) भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी ६ अर्ब ४८ करोड थियो ।

रेमिट्यान्स आप्रवाह नेपाली रूपैयाँमा ३९.१ प्रतिशतले र अमेरिकी डलरमा ३२.३ प्रतिशतले बढेको छ । चालू आर्थिक वर्षको पुस महिनाको रेमिट्यान्स आप्रवाह एक खर्ब ९२ अर्ब ६२ करोड रहेको छ । ६ महिनामा रेमिट्यान्स आप्रवाह ३९.१ प्रतिशतले वृद्धि भई १० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा रेमिट्यान्स आप्रवाह ४.२ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा रेमिट्यान्स आप्रवाह ३२.३ प्रतिशतले वृद्धि भई सात अर्ब ५० करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह २.७ प्रतिशतले बढेको थियो ।

यद्यपि, समीक्षा अवधिमा खुद सेवा आय भने ४१ अर्ब ५५ करोडले घाटामा छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय २९ अर्ब ४७ करोडले घाटामा थियो । सेवा खाताअन्तर्गत भ्रमण खर्च ४.२ प्रतिशतले वृद्धि भई एक खर्ब पाँच अर्ब ५६ करोड पुगेको छ । यसमध्ये शिक्षातर्फको खर्च ६७ अर्ब ४७ करोड छ ।

# 'टुक्रे आयोजना'का रोक्का गरिएको ४२ अर्ब ६८ करोड बजेट फुकुवा

काठमाडौं । वित्तीय अनुशासन कायम गर्ने भन्दै सरकारले रोक्का गरेका तीन करोडमुनिका टुक्रे तथा तयारी नपुगेका आयोजनाको बजेट अर्थ मन्त्रालयले फुकुवा गर्न थालेको छ । पुँजीगत बजेटतर्फको रोक्का गरिएको एक खर्ब १४ अर्ब ५३ करोडमध्ये १५ माघसम्म ४२ अर्ब ६८ करोड फुकुवा भइसकेको छ । आयोजना छनोटमा मापदण्ड पालना नभएको र राजनीतिक दबाबमा विनियोजन गरिएको भन्दै अर्थ मन्त्रालयको प्रस्तावमा मन्त्रिपरिषद्को ५ असोजको बैठकले ५३ वटा टुक्रे तथा तयारी नपुगेका आयोजनामा विनियोजित एक खर्ब १४ अर्ब ५३ करोड रूपैयाँ बजेट रोक्का गरेको थियो । अर्थ मन्त्रालय स्रोतका अनुसार राजनीतिक दलहरूको दबाबमा बजेट फुकुवा गरिएको हो ।

हालसम्म सहरी विकास, भौतिक पूर्वाधार, खानेपानी, ऊर्जा, पर्यटन, वन र खेलकुद गरी सात मन्त्रालयअन्तर्गतको बजेट फुकुवा भइसकेको छ । उद्योग र संघीय मामिला मन्त्रालयले पनि बजेट फुकुवाको लबिङ गर्दै आएका छन् । यसबाहेक सञ्चार मन्त्रालयको चालूतर्फको बजेट पनि फुकुवा भएको छ ।

अर्थले सबैभन्दा बढी सहरी विकास मन्त्रालयको १९ अर्ब ९२ करोड ६२ लाख बजेट फुकुवा गरेको छ । यसअघि सहरीको ६४ अर्ब दुई करोड १२ लाख ६० हजार बजेट रोक्का गरिएको थियो । तर, ३१ प्रतिशतभन्दा बढी बजेट फुकुवा भइसकेको छ । जेन-जी आन्दोलनअघि तत्कालीन सहरी विकासमन्त्री प्रकाशमान सिंहले नेताका नाममा बजेट खन्याएको भन्दै आलोचना भएको थियो । भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको सुरुमा रोक्का गरिएको बजेटमध्ये ६४.६९ प्रतिशत अर्थात् १२ अर्ब ७८ करोड २६ लाख बजेट फुकुवा भएको छ । ठुला ठेक्का, ठेकेदारको दबाबमा यो मन्त्रालयको बजेट फुकुवा प्राथमिकतामा परेको छ ।

खानेपानी मन्त्रालयको रोक्कामध्ये ३९.१२ प्रतिशत अर्थात् पाँच अर्ब ५९ करोड ९५ लाख र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको ४५.५४ प्रतिशत अर्थात् तीन अर्ब ३१ करोड ३० लाख बजेट फुकुवा भएको छ । खानेपानीको १४ अर्ब ३१ करोड ३५ लाख र सात अर्ब २७ करोड ४८ लाख बजेट रोक्का भएको थियो ।

पर्यटन मन्त्रालयले रोक्का बजेटको जम्मा ५.४ प्रतिशत अर्थात् २१ करोड ५९ लाख र युवा तथा खेलकुदले झन्डै १३ प्रतिशत अर्थात् ३६ करोड बजेट फुकुवा भएको छ । पर्यटनको तीन अर्ब ९८ करोड ६० लाख र युवा तथा खेलकुदको दुई अर्ब ७७ करोड ६० लाख बजेट रोक्का थियो । वन मन्त्रालयको ६४ करोड दुई हजार बजेट रोक्का भएकामा १८ करोड ४० लाख फुकुवा भइसकेको छ ।

यसबाहेक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयअन्तर्गतका चालूतर्फका ३० करोड बजेट फुकुवा भएको छ । यसअघि चालूतर्फको पाँच अर्ब ४३ करोड २६ लाख ५८ हजार रोक्का गरिएको थियो । जसमा कार्यक्रम खर्च शीर्षकको रकम सबैभन्दा धेरै अर्थात् एक अर्ब ४५ करोड ५८ लाख थियो । त्यस्तै, सरकारी निकाय, समिति तथा बोर्डहरूलाई ससर्त चालू अनुदान शीर्षकमा ६२ करोड १९ लाख रोक्का गरिएको थियो । त्यस्तै, पुँजीगत ससर्त अनुदानका रूपमा सरकारी निकाय, समिति र बोर्डहरूलाई दिइने रकमबाट तीन अर्ब २० करोड ४९ लाख थियो । यसबाहेक, भैपरी आउने चालू खर्च (अर्थ विविधबाहेक) शीर्षकबाट १५ करोड रोक्का गरिएको थियो ।

अर्थमन्त्री रामेश्वर खनालले सम्बन्धित मन्त्रालयबाट कारणसहित फुकुवाको माग भएका हकमा बजेट फुकुवा भएको बताए । 'सम्बन्धित मन्त्रालयले टेन्डर भइसकेका वा टेन्डरको सूचना प्रकाशन भएका वा निरन्तर आयोजना भएका वा विगतकै कामको दायित्व भुक्तानी गर्नुपर्ने भनी लेखी पठाएकाले फुकुवा भएका हुन्,' उनले भने ।

पूर्वमहालेखा नियन्त्रक सुरेश प्रधानले सबैभन्दा ठुलो समस्या प्रशासनिक व्यवस्थापनमा रहेको बताए । 'आयोजना बैंक भनेको सम्भाव्यता अध्ययन गरेर मात्रै परियोजना अघि बढाउने प्रक्रिया हो । बजेट समिति, सम्बन्धित मन्त्रालयका सचिव, योजना आयोग र अन्ततः अर्थ मन्त्रालय सबैको भूमिका अत्यन्त महत्वपूर्ण हुन्छ ।

## खेलकुद

# साफ यू-१९ महिला च्याम्पियनसिपको उपाधिका लागि बंगलादेश र भारत भिड्ने

बंगलादेश र भारत पोखरामा जारी साफ यू-१९ महिला च्याम्पियनसिप २०२६ को फाइनलमा पुगेका छन् । बुधबार लिग चरणका खेल सकिएसँगै शनिबार उपाधिका लागि लड्ने दुई टोलीको टुंगो लागेको हो । प्रतियोगितामा अपराजित रहेको डिफेन्डिङ च्याम्पियन बंगलादेश ९ अंकसहित शीर्ष स्थानमा रहँदा दुई जित र एक हारसहित भारत ६ अंक जोडेर दोस्रो स्थानमा छ । सहभागी चार टोलीमध्ये एकमा जित र दुईमा पराजित भएको नेपालसँगै तीनैवटा खेलमै पराजित भुटान प्रतियोगिताबाट बाहिरिएका छन् ।

लिग चरणको आफ्नो अन्तिम खेलमा बुधबार नेपाल बंगलादेशसँग ०-४ गोल अन्तरले पराजित हुँदा भारतले भुटानलाई ८-० गोलले हरायो । खेलको ३ मिनेटमा बंगलादेशकी प्रोतिमा मुन्डाले गोल गर्दै टोलीलाई सुरुवाती अग्रता दिलाएकी थिइन् । पहिलो हाफको इन्जुरी समयमा अल्पी अख्तरले टोलीको अग्रता दोब्बर पारिन् । दोस्रो हाफको ६७ र ८२ मिनेटमा अल्पी अख्तरले थप दुई गोल गर्दै ह्याट्रिक पूरा गरिन् । अर्को खेलमा भारतले भुटानलाई ८-० गोलले पराजित गरेको छ । भारतको जितमा पर्ल फर्नान्देजले ह्याट्रिक गरिन् ।

# नेगी विश्वकै उत्कृष्ट पारा तेक्वान्दो प्रशिक्षक

नेपालका पारा तेक्वान्दो प्रशिक्षक कविराज नेगी विश्वकै उत्कृष्ट प्रशिक्षक बनेका छन् । दक्षिण कोरियामा रहेको विश्व तेक्वान्दो महासंघले २०२५ को 'पारा तेक्वान्दो कोच अफ द इयर' अवार्ड नेपालका प्रशिक्षक नेगीलाई प्रदान गरेको हो । यो उपलब्धि हात पार्ने उनी पहिलो प्रशिक्षक हुन् । उनको प्रशिक्षणमा नेपालले सहभागिता जनाएको अन्तर्राष्ट्रिय पारा तेक्वान्दोमा पदक हात पार्दै आइरहको छ । यसक्रममा एसियन गेम्सदेखि पारा ओलम्पिकसम्म नेपाली खेलाडीले राष्ट्रलाई पदक दिलाएका छन् । अहिलेसम्म नेगीको प्रशिक्षणमा नेपालले तीन स्वर्ण, दुई रजत र आठ अन्तर्राष्ट्रिय कांस्य जितेको छ ।

गत पुसमा पोखरामा भएको वर्षको उत्कृष्ट पल्सर एनएसजेएफ अवार्ड पनि उनी उत्कृष्ट प्रशिक्षक बनेका थिए । यसैगरी नेपाल ओलम्पिक कमिटी, राष्ट्रिय खेलकुद परिषद् र बागमती प्रदेशले पनि उनलाई उत्कृष्ट प्रशिक्षकका रूपमा सम्मानित गरेका छन् ।

युएईको फुजैराहस्थित अल बहर होटल एन्ड रिसोर्टमा मंगलबार आयोजित विश्व तेक्वान्दो गाला अवार्डमा नेगी सम्मानित भएका थिए । उनलाई महासंघका अध्यक्ष डा. चाउ चुङ-वनले नेगीलाई उक्त प्रतिष्ठित अवार्ड प्रदान गरे । नेपालमा पारा तेक्वान्दो खेलको विकास, विस्तार तथा अन्तर्राष्ट्रियस्तरमा हासिल गरिएका उल्लेखनीय उपलब्धिको मूल्यांकन गर्दै विश्व तेक्वान्दो टेक्निकल कमिसनले नेगीलाई उत्कृष्ट प्रशिक्षकका रूपमा छनोट गरेको हो ।

नेगी २०१५ देखि नेपाल तेक्वान्दो संघअन्तर्गत राष्ट्रिय पारा तेक्वान्दो टिमका प्रशिक्षकका रूपमा कार्यरत छन् । यो अवधिमा उनले एसियन च्याम्पियनसिपदेखि विश्व च्याम्पियनसिपसम्म १३ अन्तर्राष्ट्रिय पदक नेपाललाई दिलाएका छन् । नेगीकै प्रशिक्षणमा पलेशा गोवर्धनले सन् २०२४ मा पेरिसमा भएको २०२४ पाराओलम्पिक खेलकुदमा ऐतिहासिक रूपमा कांस्य जितेकी थिइन् । यसैगरी, सन् २०२३ मा चीनको हाङ्झाउ एसियन पारा गेम्समा पलेशाले ऐतिहासिक कांस्य पदक जितेकी थिइन् । नेगीको प्रशिक्षणमा सिर्जना घिसिङले सन् २०२२ विश्व ग्रान्ड प्रिक्स फाइनल (जी-१०) मा ऐतिहासिक स्वर्ण पदक हात पारेकी थिइन् ।

विश्व तेक्वान्दो महासंघले प्रत्येक वर्ष आयोजना गर्ने गाला अवार्ड समारोहमा ओलम्पिक तथा पाराओलम्पिक वर्षका उत्कृष्ट पुरुष-महिला खेलाडी, प्रशिक्षक, रेफ्री तथा उत्कृष्ट सदस्य राष्ट्रिय संघलाई सम्मान गर्दिंदै आएको छ । विश्व तेक्वान्दोमा नेपाल तेक्वान्दो संघसहित २१३ राष्ट्र आबद्ध छन् ।

# पाकिस्तानको निर्णयले विश्व क्रिकेटलाई २५ करोड डलर घाटा

भारतले पाकिस्तानमा गएर नखेल्ने निर्णय लिएसँगै विश्व क्रिकेटलाई लगभग २५ करोड अमेरिकी डलर आर्थिक क्षति हुने अनुमान गरिएको छ । पाकिस्तानले आगामी १५ फेब्रुअरीमा भारतसँगको खेल उनीहरूको भूमिमा नखेल्ने निर्णय लिएको छ । पाकिस्तानले भारतबाहेक श्रीलंकामा छिमेकी राष्ट्रसँग प्रतिस्पर्धा गर्ने प्रस्ताव आइसिसीसमक्ष राखेको थियो । तर, आइसिसीले पूर्ववत् खेलतालिका र मैदान परिवर्तन नहुने जनाउँदा पाकिस्तान सरकारले भारत नजाने निर्णय लिएको हो । आइसिसीले पाकिस्तानलाई आर्थिक दण्ड लगाउने अधिकार राखेको छ ।

भारत-पाकिस्तान खेलको विश्वव्यापी दर्शक संख्या अर्बभन्दा बढी हुने र यसको आर्थिक मूल्य अत्यन्त ठुलो रहेको दी सिड्नी मोर्निङ हेराल्डले जनाएको छ । राजनीतिक तनावका कारण भारत र पाकिस्तानबिचको प्रतिस्पर्धा विश्वकपकै बहुप्रतिक्षित खेलका रूपमा रहेको छ ।

यी दुई राष्ट्रबिचको खेललाई आइसिसीले सबैभन्दा ठुलो व्यावसायिक आकर्षण मानेको छ । यसैकारण आइसिसीले भारत र पाकिस्तानबिचको खेल एकै समूहमा राख्दै आएको छ । पाकिस्तानले पछिल्लो निर्णयका कारण आइसिसी र भारतको मिडिया अधिकारधारी जियोस्टारलाई पनि आर्थिक झट्का लाग्नेछ । जियोस्टारले आइसिसीसँग गरेको तीन अर्ब डलरको सम्झौता पुनर्विचार गर्ने प्रयाससमेत गरिरहेको छ । प्रसारणकर्तालाई मात्रै २४ देखि ३० मिलियन डलर बराबरको विज्ञापन घाटा हुन सक्ने अनुमान छ । भारत-पाकिस्तानबिचको खेलमा १० सेकेन्ड विज्ञापनको मूल्य ४८ हजार डलर अमेरिकी डलर तोकिएको छ ।

कर्पोरेट

## ● ग्लोबल आइएमईमा किओस्क मेसिनबाटै खाता खोल्ने सुविधा

ग्लोबल आइएमई बैंक लिमिटेडले किओस्क मेसिनबाट खाता खोल्न सक्ने सुविधा सार्वजनिक गरेको छ । बैंकले आफ्नो १९औँ वार्षिकोत्सवको अवसर पारेर किओस्क मेसिनबाटै खाता खोल्न सकिने सुविधा ल्याएको हो । ग्राहकले बैंकको काठमाडौंको कमलादीस्थित शाखा कार्यालयमा रहेको किओस्क मेसिनबाटै सहज रूपमा आफ्नो बैंक खाता खोल्न सक्नेछन् । यसरी खाता खोल्ने क्रममा सम्पूर्ण विवरण किओस्क मेसिनमार्फत प्रदान गर्नुपर्नेछ । त्यसपछि आवश्यक कागजात प्रविष्ट गरी खाता नम्बर उपलब्ध गराइनेछ । हालका लागि यो सेवा बैंकको कमलादीमा रहेको डिजिटल युनिभर्सबाट मात्र उपलब्ध रहेको छ ।

यसअघि बैंकले कमलादीस्थित शाखामा रहेको डिजिटल युनिभर्समार्फत मेसिनबाटै क्यास डिपोजिट र चेक डिपोजिटजस्ता सेवा उपलब्ध गराइरहेको थियो । बैंकले देशभरका तीन सय ५२ शाखा कार्यालय, तीन सय ८४ एटिएम, एक सय ५० शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजस्व संकलन काउन्टर र तीनवटा वैदेशिक प्रतिनिधि कार्यालयबाट सेवा प्रदान गर्दै आएको छ ।

## ● प्रभु बैंकको नयाँ सिइओमा सुमन शर्मा

प्रभु बैंकको आगामी चारवर्षे कार्यकालका लागि प्रमुख कार्यकारी अधिकृत (सिइओ)मा सुमन शर्मा नियुक्त भएका छन् । बैंकिङ क्षेत्रमा २५ वर्ष लामो अनुभव भएका शर्मा अनुभवी र कुशल बैंकरको रूपमा चिनिँदै आएका छन् । मंगलबार बसेको सञ्चालक समिति बैठकले शर्मालाई चार वर्षका लागि सिइओमा नियुक्त गर्ने निर्णय गरेको हो । माछापुच्छ्रे बैंकको प्रमुख कार्यकारी अधिकृत हुँदै सनराइज बैंकको प्रमुख कार्यकारी अधिकृत भएका शर्मा निवर्तमान सिइओ अशोक शेरचनले आइतबार राजीनामा दिएपछि बैंकको सिइओमा नियुक्त भएका हुन् ।

## ● एसबिआई बैंकको नाफा एक अर्ब नाघ्यो

नेपाल एसबिआई बैंक लिमिटेडको नाफा एक अर्ब नाघेको छ । बैंकको चालू आर्थिक वर्ष ०८२/८३ को दोस्रो त्रैमासिक वित्तीय विवरणअनुसार नाफा एक अर्ब नाघेको हो । समीक्षा अवधिमा बैंकले एक अर्बभन्दा बढी खुद नाफा आर्जन गरेको छ । जुन गत वर्षको सोही अवधिको तुलनामा १४.५६ प्रतिशतले बढी हो । बैंकले आफ्नो कुल निष्क्रिय कर्जा २.६४ प्रतिशतमा आएको छ । यस्तो कर्जा गत वर्षको सोही अवधिमा ३.५५ प्रतिशत थियो । त्यसैगरी, बैंकको गैरब्याज आम्दानी १०६.१६ करोड पुगेको छ । गत आवको सोही अवधिमा ७५.६९ करोड रुपैयाँ थियो । यो ४०.२६ प्रतिशतले वृद्धि भएको हो ।

समीक्षा अवधिमा बैंकको पुँजी पर्याप्तता थप मजबुत देखिएको छ । गत आवको पुस मसान्तसम्म १२.८७ प्रतिशत रहेको पुँजी पर्याप्तता समीक्षा अवधिमा बढेर १४.१२ प्रतिशत पुगेको हो । साथै, बैंकले आफ्नो कोष लागत ५.५८ प्रतिशतबाट घटाएर ४.२३ प्रतिशतमा ल्याउन सफल भएको छ ।

## ● 'ग्लोबल स्मार्ट प्लस'बाट आइपिओ भर्ने सुविधा

ग्लोबल आइएमई बैंकले आफ्ना ग्राहकलाई ग्लोबल स्मार्ट प्लस मोबाइल बैंकिङ एपमार्फत आइपिओ भर्ने सुविधा उपलब्ध गराएको छ । बैंकका मोबाइल बैंकिङ एप प्रयोगकर्ताले कुनै पनि आइपिओ आवेदन प्रक्रिया ग्लोबल स्मार्ट प्लस एपबाटै सजिलै भर्न सक्नेछन् ।

प्रयोगकर्ताले आइपिओ म्यानेजमेन्ट सेक्सनमा गई आफ्नो डिम्याट नम्बर प्रविष्ट गरेपछि, ग्राहकलाई तुरुन्तै सिआरएन नम्बर प्राप्त हुनेछ । त्यसपछि, ग्राहकले आइपिओ खुला हुने समयमा एपमार्फतै आवेदन दिन सक्नेछन् । साथै, ग्लोबल स्मार्ट प्लस प्रयोगकर्तालाई यस एपको माध्यमबाट कुनै पनि कम्पनीको आइपिओ खुला हुनेबारे जानकारी पनि प्राप्त हुने बताइएको छ । यस सेवाले ग्राहकलाई आइपिओ आवेदन प्रक्रियामा अन्य माध्यम प्रयोग गर्नुनपर्ने तथा अत्यधिक सहजता र समयको बचत गर्ने सुविधा उपलब्ध गराएको छ ।

त्यसैगरी, एपमा अब लाइभ मार्केट सुविधा उपलब्ध गराइएको बैंकले जनाएको छ । यो सुविधाले ग्राहकलाई सेकेन्डरी बजारमा भएको सबै कारोबारको रियल टाइम अपडेट प्रदान गर्नेछ ।

## ● सिटिजन्स बैंकले गऱ्यो क्यान्सरसम्बन्धी जनचेतना कार्यक्रम

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडले स्तन क्यान्सर तथा प्रोस्टेट क्यान्सरसम्बन्धी जनचेतनामूलक कार्यक्रम गरेको छ । बैंकले गुडगाउँ भारतस्थित मेदान्त द मेडिसिटी अस्पतालसँगको सहकार्यमा सो कार्यक्रम सञ्चालन गरेको हो । यो पहलमार्फत क्यान्सरसम्बन्धी सही जानकारी प्रदान गर्ने, भ्रम हटाउने तथा समयमै परीक्षण, रोकथाम र चिकित्सकीय परामर्शको महत्वबारे सचेतना फैलाउने उद्देश्य राखिएको छ । कार्यक्रमअन्तर्गत बैंकका सबै महिला कर्मचारीका लागि स्तन क्यान्सरसम्बन्धी महिलाले जान्न र अभ्यास गर्नुपर्ने कुराहरु विषयक वेबिनार आयोजना गरिएको हो । यसको सहजीकरण मेदान्त अस्पतालका वरिष्ठ निर्देशक डा. कञ्चन कौरले गरेका थिए । यस कार्यक्रममा पाँच सय १३ जना महिला कर्मचारीको सहभागिता रहेको बैंकले जनाएको छ ।

त्यसैगरी, बैंकले ३० वर्ष वा सोभन्दा माथिका पुरुष कर्मचारीका लागि 'प्रोस्टेट क्यान्सर : भ्रम र यथार्थ' विषयक सत्रसमेत सञ्चालन गरेको छ । जसमा मेदान्त अस्पतालकै वरिष्ठ निर्देशक डा. पुनीत आहुलवालियाले सहजीकरण गरेका थिए । उक्त सत्रमा पाँच सय नौजना कर्मचारीले सहभागिता जनाएका थिए । साथै, बैंकका ग्राहकलाई उपचारमा थप सहजता पुग्ने उद्देश्यसहित कार्डवाहक ग्राहकलाई मेडिसिटी अस्पतालको सेवा शुल्कमा १५ प्रतिशतसम्म छुट दिने बताइएको छ ।

## ● सिद्धार्थ बैंक कर्पोरेट एक्सिलेन्स अवार्डबाट सम्मानित

सिद्धार्थ बैंक लिमिटेड प्रतिष्ठित अवार्डबाट सम्मानित भएको छ । बैंक कमर्सियल बैंकिङ विधामा अवार्डस् फर कर्पोरेट एक्सिलेन्स-२०२५, अवार्डबाट सम्मानित भएको हो । कर्पोरेट क्लब नेपाल प्रालिले आयोजना गर्दै आएको अवार्ड समारोहमा बैंकलाई उक्त अवार्डबाट सम्मानित गरिएको हो । अवार्ड समारोहमा सिद्धार्थ बैंकका प्रमुख कार्यकारी अधिकृत रामेश्वरप्रसाद बस्यालले उक्त अवार्ड ग्रहण गरेका थिए । मानव संसाधन व्यवस्थापन, संस्थागत सुशासन तथा उत्कृष्ट कार्यसम्पादनमा बैंकले पुऱ्याएको योगदानबापत बैंकलाई यो सम्मान प्रदान गरिएको बताइएको छ ।

## ● महालक्ष्मी विकास बैंकद्वारा विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरू सम्पन्न

महालक्ष्मी विकास बैंकले विभिन्न संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरु सम्पन्न गरेको छ । बैंकले वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण र सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्यजस्ता विभिन्न क्षेत्रहरूमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत कार्यक्रम सञ्चालन गर्ने नीतिअनुरूप विभिन्न कार्यक्रमहरु सम्पन्न गरेको हो । सोहीअन्तर्गत बैंकले लायन्स क्लब अफ काठमाडौं गुराँससँगको सहकार्यमा गन्धकुटी विहार खोकना- २१, ललितपुरमा बृहत् स्वास्थ्य शिविर सञ्चालन गर्न आर्थिक सहयोग गरेको छ । स्तन क्यान्सर, सर्भिकल क्यान्सर, कोलोन क्यान्सरजस्ता क्यान्सर रोगको पहिचान, मधुमेह तथा थाइराइड रोगको पहिचान र साधारण स्वास्थ्य परीक्षण तथा दन्त परीक्षण कार्यका लागि आर्थिक सहयोग गरेको हो ।

त्यसैगरी सवारी दुर्घटना न्यूनीकरण, सवारी व्यवस्थापन, सडक फुटपाथ तथा विभिन्न स्थानहरूमा जथाभावी रूपमा अव्यवस्थित पार्किङ समस्या समाधान गर्न ट्राफिक प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौंसँगको सहकार्यमा विभिन्न ट्राफिक संकेतहरु रहेको रोड फर्निचरहरु हस्तान्तरण गरिएको छ ।

संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गत दलित सशक्तीकरण केन्द्र नेपालको सहकार्यमा परम्परागत व्यावसायिक सिप, पेसा एवं कलालाई संवर्द्धन, आधुनिकीकरण र प्रमाणीकरण गर्दै क्षमता अभिवृद्धि तथा आर्थिक उपार्जन गर्नको निम्ति सहयोग गर्ने उद्देश्यका साथ हुम्ला जिल्लाको अदानचुली गाउँपालिका १ देखि ६ वडासम्मका व्यक्तिहरूलाई सिलाइ मेसिन वितरण गरिएको छ ।

त्यसैगरी भानुपथ, सिद्धार्थनगर- ९, रूपन्देहीमा रहेको श्री भानु माध्यमिक विद्यालयको खेलमैदान निर्माण गर्न बैंकको भैरहवा शाखा कार्यालयमार्फत आर्थिक सहयोग गरिएको छ । खेलमैदानमा भाष्टक राखी रोलिङ गराई पानीको निकास गर्न आवश्यक पर्ने निर्माण कार्य गर्न बैंकले सहयोग गरेको हो ।

बैंकले गर्दै आएका यस्ता संस्थागत सामाजिक उत्तरदायित्व कार्यहरूबाट समग्र आर्थिक तथा सामाजिक विकासमा टेवा पुग्ने विश्वास बैंकले लिएको छ ।

## ● एनसेलको आइएसओ मान्यता नवीकरण

एनसेलको डेटा गोपनीयता र सूचना सुरक्षासम्बन्धी आइएसओ २७००१:२०२२ (आइएसएमएस) र २७७०१:२०१९ (पिआइएमएस) मान्यतालाई नवीकरण गराएको छ । यो नवीकरणले कम्पनीको सूचना सुरक्षा र डेटा गोपनीयतामा रहेको नेतृत्वदायी स्थानलाई थप सुदृढ बनाउने कम्पनीको दाबी छ । ग्राहक र साझेदारका डेटा साइबर थ्रेट र अनधिकृत पहुँचबाट जोगाउन एनसेलले सशक्त उपाय कार्यान्वयन गरेको आइएसओ २७००१ मान्यताले सुनिश्चित गर्छ । त्यसैगरी, आइएसओ २७७०१ ले व्यक्तिगत डेटा सुरक्षा गर्न, उल्लंघनको जोखिमलाई कम गर्न र गोपनीयतामा उत्कृष्ट अन्तर्राष्ट्रिय अभ्यासको अनुपालन गरेको सुनिश्चित गरेको छ ।

गत वर्ष एनसेल सूचना सुरक्षा व्यवस्थापन प्रणाली (आइएसएमएस) र गोपनीयता सूचना व्यवस्थापन प्रणाली (पिआइएमएस) प्रमाणित हुने नेपालकै पहिलो दूरसञ्चार कम्पनी बनेको थियो । यो मान्यता र यसको नवीकरणले ग्राहकको सूचना सुरक्षा सुनिश्चित गर्ने एनसेलको प्रतिबद्धतालाई पुष्टि गरेको एनसेलको भनाइ छ । नवीकरण प्रक्रियाअनुसार आइएसओद्वारा तोकिएको निकायमार्फत अडिटर नियुक्त गरी एनसेलमा सर्भिलेन्स अडिट गरिएको थियो ।

आइएसओ मापदण्डअनुसार मूल्यांकन गर्दै अडिटरले एनसेलका सूचना सुरक्षा तथा डेटा गोपनीयतासम्बन्धी सुशासन प्रक्रिया आइएसओद्वारा निर्धारित मापदण्डअनुरूप रहेको पुष्टि गरेको हो । यी मान्यता आगामी एक वर्षसम्म मान्य रहनेछन् । नवीकरण भएका यी मान्यताको स्कोपमा ग्राहक डेटा सेन्टर, ग्राहक सेवा र आइटी सर्भिसेजमा रहेका छन् ।

## ● एनआइसीले ५० लाखसम्म 'गोल्ड लोन' दिने

एनआइसी एसिया बैंकले आकर्षक कर्जा योजना सार्वजनिक गरेको छ । बैंकले १ देखि ३ प्रतिशतसम्मको प्रिमियम सुविधा भएको प्रतिस्पर्धी ब्याजदरमा सुन तथा सुनका गरगहना धितो राखेर प्रवाह गरिने आकर्षक गोल्ड लोन कर्जा योजना सार्वजनिक गरेको छ । समयअनुसारको आवश्यकता र मागलाई सम्बोधन गर्दै ग्राहक महानुभावमाझ प्रतिस्पर्धी ब्याजदरमा 'गोल्ड लोन' योजना सार्वजनिक गरिएको बैंकले जनाएको छ । योजनाअन्तर्गत ग्राहकले ५० लाखसम्म कर्जा रकम प्राप्त गर्न सक्नेछन् । औसत आधार दरमा १ देखि ३ प्रतिशतसम्मको प्रिमियम सुविधासहित प्रतिस्पर्धी ब्याजदरमा सुनको बार तथा गरगहना धितो राखेर बजार मूल्यको अधिकतम ७० प्रतिशतदेखि ८० प्रतिशतसस्म पाइने बैंकले जनाएको छ । साथै, यस कर्जा योजनाअन्तर्गत गरगहना खरिद गर्न पनि कर्जा पाइने भएको छ । ग्राहकले तोकिएका विभिन्न शाखाबाट उक्त कर्जा प्राप्त लिन सक्नेछन् ।

## ● विप्रेषण ६ महिनामा ३९ प्रतिशतले वृद्धि

चालू आर्थिक वर्षको ६ महिनामा विप्रेषण आप्रवाह ३९.१ प्रतिशतले वृद्धि भएको छ । नेपाल राष्ट्र बैंकका अनुसार विप्रेषण १० खर्ब ६२ अर्ब ९३ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण ४.२ प्रतिशतले बढेको थियो । २०८२ पुस महिनामा मात्र १ खर्ब ९२ अर्ब ६२ करोड विप्रेषण भित्रिएको छ । अघिल्लो वर्षको पुस महिनामा विप्रेषण आप्रवाह १ खर्ब २२ अर्ब ४४ करोड रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या २ लाख ६ हजार ८०७ र पुनः श्रम स्वीकृति लिनेको संख्या १ लाख ९४ हजार ७३३ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः २ लाख ३० हजार ४३९ र १ लाख ६२ हजार ६२८ थियो ।

## ● नेसनल लाइफका कर्मचारीलाई व्यावसायिक दक्षता विकास गर्न तीनदिने तालिम

नेसनल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना कर्मचारीहरूको प्राविधिक क्षमता अभिवृद्धि तथा व्यावसायिक दक्षता विकास गर्ने उद्देश्यले 'ट्रान्जिसनिङ टु द एज अफ आर्टिफिसियल इन्टेलिजेन्स' भन्ने नाराका साथ तीनदिने इम्प्लोयी स्किल इन्हान्समेन्ट प्रोग्राम सम्पन्न गरेको छ ।

होटेल ग्रान्ड पोखरामा भएको कार्यक्रममा कम्पनीका अध्यक्ष, प्रमुख कार्यकारी अधिकृत, व्यवस्थापन टोली तथा विभागीय प्रमुखहरूसहित देशभरिका शाखा कार्यालय तथा केन्द्रीय कार्यालयका प्रशासनिक कर्मचारीहरु गरी कुल २७० जनाको सहभागिता थियो । कम्पनीकी अध्यक्ष प्रेमाराज्यलक्ष्मी सिंहले कार्यक्रमको उद्घाटन गर्दै बिमा व्यवसाय निरन्तर रूपमा प्राविधिक विषय हुँदै गएको सन्दर्भमा आर्टिफिसियल इन्टेलिजेन्ससम्बन्धी तालिमले कम्पनीको व्यवसाय प्रवर्द्धनमा टेवा पुग्ने आशा व्यक्त गरिन् । उनले कार्यसम्पादन मूल्यांकनको आधारमा बेस्ट इम्प्लोइ अवार्ड- २०८२ मा उत्कृष्ट ठहरिएका सातजना कर्मचारीहरु रोहितकुमार श्रेष्ठ, जीवन बाराकोटी, नेमप्रसाद थारु, बेजोन कार्की, योगेश निरौला, नवीना खाती र रचना पराजुलीलाई नगदसहित सम्मान गरिन् । कम्पनीका प्रमुख कार्यकारी अधिकृत सुरेशप्रसाद खत्रीले स्वागत मन्तव्यको क्रममा, दक्ष कर्मचारीहरूबाट नै उत्कृष्ट परिणाम प्राप्त गर्न सकिने भएकाले कर्मचारीहरूलाई प्रविधिमा सक्षम बनाई डाटा विश्लेषण तथा ग्राहक सेवा प्रणालीजस्ता उपकरणको प्रभावकारी प्रयोगबाट सेवा प्रवाहलाई छिटो, सरल र गुणस्तरीय बनाउन मद्दत पुग्ने गरी तालिमको व्यवस्था गरिएको बताए ।

## ● इसेवासँगको सहकार्यमा नेपाल लाइफले ल्यायो 'सुपर टर्म लाइफ इन्स्योरेन्स'

नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले डिजिटल भुक्तानी सेवा प्रदायक संस्था इसेवासँगको सहकार्यमा 'सुपर टर्म लाइफ इन्स्योरेन्स' शीर्षकको म्यादी जीवन बिमा योजना सार्वजनिक गरेको छ ।

अप्रत्याशित घटनाका कारण परिवारमा पर्न सक्ने आर्थिक जोखिम न्यूनीकरण गर्ने उद्देश्यसहित यो योजना ल्याएको नेपाल लाइफ इन्स्योरेन्सले जनाएको छ । कम्पनीका अनुसार बिमितको अनुपस्थितिमा परिवारलाई दीर्घकालीन आर्थिक सुरक्षा प्रदान गर्नु योजनाको मुख्य उद्देश्य हो । यो एकवर्षे टर्म लाइफ इन्स्योरेन्स योजनाको प्रिमियम वार्षिक रू. ७२५ बाट सुरु हुने छ । १८ वर्षदेखि ६० वर्षसम्मका नागरिकहरूले बिमा गरी रू. पाँच लाखदेखि रू. २० लाखसम्मको जीवन बिमा सुरक्षा प्राप्त गर्न सक्नेछन् ।

'सुपर टर्म लाइफ इन्स्योरेन्स'अन्तर्गत बिमितको आकस्मिक मृत्यु तथा दुर्घटनामा मृत्यु दुवै अवस्थामा बिमा सुरक्षा प्रदान गरिने कम्पनीले जनाएको छ । यो बिमा योजना इसेवा एपमार्फत सहजै खरिद गर्न सकिनेछ र पोलेसी तुरुन्तै इमेलमार्फत प्राप्त हुनेछ ।

## ● महालक्ष्मी विकासका सामाजिक कार्यक्रम

महालक्ष्मी विकास बैंकले संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रम सम्पन्न गरेको छ । बैंकले वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापनलगायतका कार्यक्रम गरेको हो । त्यसैगरी, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण र सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकार कार्य पनि गरेको छ । बैंकले लायन्स क्लब अफ काठमाडौं गुराँससँगको सहकार्यमा गन्धकुटी विहार खोकना- २१, ललितपुरमा बृहत् स्वास्थ्य शिविर सञ्चालन गर्न आर्थिक सहयोग गरेको छ । त्यसैगरी, सवारी दुर्घटना न्यूनीकरण, सवारी व्यवस्थापन, सडक फुटपाथ तथा विभिन्न स्थानमा जथाभावी रूपमा अव्यवस्थित पार्किङ समस्या समाधान गर्न ट्राफिक प्रहरी वृत्त, महाराजगन्ज, काठमाडौंसँगको सहकार्यमा विभिन्न ट्राफिक संकेत रहेको रोड फर्निचर हस्तान्तरण गरिएको छ ।

दलित सशक्तीकरण केन्द्र नेपालको सहकार्यमा बैंकले हुम्ला जिल्लाको अदानचुली गाउँपालिका १ देखि ६ वडासम्मका व्यक्तिलाई सिलाइ मेसिन वितरण गरेको जनाएको छ ।

## भाद्र २३ र २४...

गते काठमाडौमा १९ र इटहरीमा प्रहरीको गोली २ जनालाई गोली लागेर २१ जनाको निधन भएपश्चात् त्यसैलाई देखाएर भाद्र २४ गते अघिल्लो दिनको विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूले नै सिंहदरबार, सर्बोच्च अदालत, संसद भवन, राष्ट्रपतिको कार्यालय, प्रधानमन्त्रीको सरकारी निवास लगायत अन्य सरकारी भवन र राजनीतिक दलका शिर्ष नेताहरूका निवासमा आगजनी गरेका थिए । बालेन साहले आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गर्दा सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेर युवापुस्तालाई उक्साएका मात्र थिएन कुनै अँध्यारो कोठामा बसेर षड्यन्त्रका तानावाना बुनिरहेका थिए ।

तत्कालिन प्रधानमन्त्री केपी ओलीले राजिनामा दिएपछि भाद्र २७ गते राष्ट्रपतिले संविधानको उल्लघन गर्दै सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई बालेनकै सिफारिसमा प्रधानमन्त्रीमा नियुक्त गरेका र साहकै सिफारिसमा कार्कीले ओम प्रकाश अर्याल लगायत व्यक्तिहरूलाई मन्त्री पदमा नियुक्त गरेकी थिइन् ।

साहले नै जेनजीहरूको एक समूहलाई स्टाटस मार्फत नेपाली सेनाका प्रधानसेनापति सँग वार्ता गर भनेर निर्देशन दिएपछि जेनजीका अगुवा र जेनजीहरूको भाद्र २३ गतेको विरोध प्रदर्शनमा पानी बाँड्न आएको बताउने सुदन गुरूङसहितका व्यक्तिहरु सेनतापतिसँग वार्ता गर्न पुगेका थिए । त्यसबेला सक्कली जेनजीहरु भने छायाँमा परेका र अहिले पनि उनीहरु साह र प्रधानमन्त्री कार्कीका विरोध गरिरहेका छन् ।

यी सबै तथ्यहरूले प्रष्ट हुन्छ भाद्र २३ गतेको विरोध प्रदर्शनमा घुसपैठ गरेर वितण्ड मच्चाउनेहरु अहिले रास्वपाका उम्मेदवार बनेका र गुरूङ समेत साहकै निर्देशनमा रास्वपामा प्रवेश गरेर साहकै सिफारिसमा उनी गोरखा १ बाट उम्मेदवार बनेका छन् ।

बालेन साहले मेयर पदबाट राजिनामा दिएर झापा ५ बाट उम्मेदवार बनाउने रणनीति रास्वपाका सभापति रवि लामिछानेकै थियो । उनी ओलीप्रति क्रुद्ध थिए । लामिछाने सहकारी ठगी, सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दामा जेल परेपछि आफूलाई ओली सरकारले प्रतिशोध लिएको भन्दै जनतालाई भड्काउन लागि परेका थिए । अदालतको आदेश अनुसार उनी जेल परेका र अहिले धरौटीमा रिहा भएका हुन् ।

कार्की प्रधानमन्त्री बनेपछि लामिछानेमाथि लागेको सम्पत्ति शुद्धीकरण र संगठित अपरोधको मुद्दा फिर्ता लिने निर्णय सरकारको कानुनी सल्लाहकार महान्यायाधिवक्ता सविता भण्डारीले प्रधानमन्त्रीकै सल्लाहमा फिर्ता लिने निर्णय गरेपछि साह र लामिछानेको पोल खुल्दै गएको छ । मुद्दा फिर्ता लिने निर्णयको चौतर्फी विरोध भएपश्चात् सर्बोच्च अदालतले महान्यायाधिवक्ताको निर्णय र थप प्रमाणको सक्कलै फाइल अदालतमा पेश गर्न आदेश दिएपछि लामिछाने र सरकार रन्थनिएका छन् । त्यही कारणले गर्दा साहले एमाले अध्यक्ष ओलीलाई हत्याराको करार गरेर आफैँ न्यायाधिश भएका छन् ।

जेनजीहरूको भाद्र २३ र २४ गतेको विरोध प्रदर्शनमा गोली लागेर ४५ जनाको निधन भएको भन्दै कार्की सरकारले तिनै ४५ जनालाई मात्र सहिद घोषणा गर्दै उनका परिवारलाई आर्थिक सहयोग गरेको छ भने साहले ७६ जनाको हत्याको कारण अध्यक्ष ओलीमाथि लगाएर आफ्नो स्वार्थ पूरा गर्न लागि परेका हुनाले अब उनीमाथि भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्य गर्न उक्साएको आरोपमा मुद्दा चलाउने कि नचलाउने ए कार्की सरकार ? के साह कानुनभन्दा माथि छन् ? जबसम्म अदालतले दोषी करार गर्दैन तबसम्म कसैलाई हत्याराको करार गर्न मिल्छ ?

काठमाडौ महानगरको मेयर रहँदा जनताले तिरेको करबाट कार्यालयमा राखिएको लिफ्ट आफूँ बाहेक अन्य व्यक्तिले प्रयोग गर्न नपाउने आदेश जारी गर्ने व्यक्ति भोली मुलुक हाँक्ने ठाउँमा पुगेको अवस्थामा त्यसबेला जनताको अवस्था कस्तो होला ? अहिले जनतालाई आश्वासन बाँडेर आफ्नो स्वार्थ पूरा गर्नुभन्दा आफूले हिजो मेयर पदमा रहँदा सुकुम्बासी, कवाडी लगायत जनतामाथि गरेको ज्यादतीहरूलाई छोप्न सुकुम्बासीहरूको हितको लागि मध्यरातमा डोजर चलाएँ भन्नु जनतालाई उल्लु बनाएर जनताको सामू आफैँ उल्लु हुनु होइन र ? यी सबै तथ्यहरूले प्रष्ट हुन्छ भाद्र २३ र २४ गतेको घटनामा रास्वपाको सक्रिय सहभागिता थियो भनेर त्यसैले रास्वपाले विरोध प्रदर्शनलाई हाइज्याक गर्नेहरूलाई आफ्नो उम्मेदवार बनाएको होइन र ?

## कार्की..

कार्यालयमा पठाएपछि महान्यायाधिवक्ता भण्डारी समेत विवादको घेरामा परेपनि कार्की सरकारले उनलाई हटाउन चाहेन । महान्यायाधिवक्ता भण्डारीको सो निर्णयको विरोध गर्दै वरिष्ठ अधिवक्ता लगायत कानुनका केही विद्यार्थीहरूले सर्बोच्चमा रिट दायर समेत गरिसकेका र सर्बोच्चले कारण देखाउ आदेश समेत जारी गरिसकेको छ ।

पूर्व प्रधानन्यायाधिश रहिसकेकी प्रधानमन्त्री कार्की कै निर्देशनमा आउँदो सरकारलाई बोझ हुने गरी विभिन्न आर्थिक निर्णयहरु समेत गरेको छ । कार्की सरकारले आफूले पाएको म्याण्डेट बाहिर गएर मुलुकलाई दुरगामी असर पर्ने निर्णय गर्नु आफैँमा आपत्तिजनक रहेको छ । रवि लामिछाने माथि सहकारी ठगीका मुद्दाहरु विभिन्न ५ जिल्लामा विचाराधिन रहेको र उनी अहिले धरौटीमा रिहा भएका हुनाले उनलाई बचाउनैका लागि कार्की सरकारले संगठित अपराध र सम्पत्ति शुद्धीकरणको मुद्दा फिर्ता लिने निर्णय गर्नु भनेको नेपाललाई अझै लामो समयसम्म कालो सूचीमा राख्ने प्रयास बाहेक अन्य केही हुन सक्दैन । त्यसैले फागुन पछि आउने सरकारले त्यस विषयका मुद्दाको स्वावित्व लिनु हुँदैन र कार्की सरकारका विभिन्न निर्णयहरु समेतले मुलुकलाई दुरगामी असर पर्ने भएकाले ती सबै निर्णयहरु खारेजी गर्नुपर्ने अवस्था देखिन्छ ।

## यसकारण...

प्रधानमन्त्रीको उम्मेदवार बनाएको छ । जुनसुकै पार्टीले बहुमत ल्याएपनि पार्टी अध्यक्ष नै प्रधानमन्त्री बन्नेछन् ।

साहले आफू पार्टी अध्यक्ष बस्न नसकेपछि रास्वपासँग प्रधानमन्त्रीको उम्मेदवार बनाउनुपर्ने अडान लिएको हुनाले उनैलाई उधारो प्रधानमन्त्रीको उम्मेदवार बनाएको छ । साहले प्रधानमन्त्रीका उम्मेदवारहरूसँग त छलफल गर्न चाहनु भएन भने निर्वाचन जितेपछि आफ्ना मतदाताले सार्वजनिक छलफल र बहस गर्न चाहेमा उनी पछि हट्ने निश्चित जस्तै रहेको छ ।

साहले ओलीलाई ७६ जनाको हत्यारा करार गरेका छन् तर उनैको पार्टीका सभापति रवि लामिछाने हजारौँ गरिब नागरिकले जम्मा गरेको सहकारीको पैसा ठगी गरेको आरोपमा जेल बसेका र अहिले पनि मुद्दा बोकी रहेका व्यक्ति हुन् । लामिछानेमाथि सम्पत्ति शुद्धीकरण र संगठित अपराध गरेको आरोप अदालतमा मुद्दा विचाराधिन रहेको छ । ओलीलाई हत्याराका करार गर्दा तपाईपनि नागरिकले सहकारीमा जम्मा गरेको रकम अपचलन गर्न पाउनुपर्दछ भन्नेमा हुनुहुन्छ ?

तपाईको सभापतिलाई तपाईहरूकै सरकार तपाईले नै प्रस्ताव गरेको असम्वैधानिक सरकार प्रमुख र तपाईकै सिफारिसमा मन्त्री तथा सरकारका सल्लाहकार भएका मानिसहरु भएकाले सिंगो फौजदारी न्याय प्रणालीलाई दाउमा लगाएर गलत थिति बनाउँदै उन्मुक्ति दिने निर्णय गर्नु यी सबै कार्यमा तपाई नै कर्ता हो कि मतियार मात्र ? त्यसको जवाफ तपाईले किन दिनु नपर्ने ? जेनजीहरूको विरोध प्रदर्शनपछि प्रधानसेनापतिसँग वार्ता गर भन्ने तपाईनै होइन र ? यी सबै कारणहरूले गर्दा तपाई प्रधानमन्त्री बन्न अयोग्य रहनु भएको छ ।

## मुलुक...

सम्पत्ति शुद्धीकरण मुद्दामा थुनामा रहेका थिए । तिनै लामिछानेलाई भाद्र २४ गते रास्वपाका नेताहरूले जेलमुक्त गरेर प्रधानमन्त्री बनाउने उद्घोष गर्दै जेलमुक्त गराए । लामिछानेलाई जेलमुक्त गराएपछि मुलुकभरकै झण्डै १५ हजार भन्दा बढी कैदी बन्दीहरु जेलबाट भागे वा भगाइएका थिए ।

यसरी मुलुकको कानुनलाई नै च्यालेन्ज गर्दै रवि सहितका व्यक्तिलाई जेलमुक्त गराउँदा सिंहदरबार जलिरहेको थियो, सर्बोच्च जल्यो, संसद भवन जल्यो । यसरी राष्ट्रका महत्वपूर्ण सरकारी भवन जल्दा हर्ष बढाई गर्दै नाचनाग गर्नेहरूमा रास्वपाका तत्कालिन सांसदहरु समेत रहेका थिए भने तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साह कुनै अप्ठ्यारो कोठामा बसेर स्टाटस मार्फत जेनजीहरूलाई नेपाली सेनाका प्रधानसेनापतिसँग वार्ता गर्ने निर्देशन दिइरहेका थिए । यी सबै कार्यहरूले प्रष्ट हुन्छ सिंहदरबार सर्बोच्च अदालत, संसद भवन, प्रधानमन्त्रीको सरकारी निवास राष्ट्रपति कार्यालयमा आगजनी गर्नेहरूको को थिए भनेर ?

भाद्र २७ गते निज साहकै सिफारिसमा सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई राष्ट्रपतिले संविधानको उल्लंघन गर्दै प्रधानमन्त्रीमा नियुक्त गरेर उनैको नेतृत्वमा मन्त्रिपरिषद् गठन गरियो । बालेन साहले कुनै बेला सिंहदरबारमा आगो लगाईदिन्छु भन्दा तत्कालिन सरकार र अहिलेको कार्की सरकारले उनलाई सामान्य सोधपुछ सम्म गरेको देखिएन ।

बालेन साहको महत्वकांक्षाले गर्दा र रास्वपाको सत्ता हत्याउने खेलमा साह नै उपर्युक्त पात्र देखिएकाले रास्वपाले साहलाई आफ्नो पार्टीमा प्रवेश गराएर रास्वपाको वरिष्ठ नेता र झापा ५ को संसदको उम्मेदवार सहित भावी प्रधानमन्त्रीको रूपमा अघि सार्दै आफ्नो पार्टीको स्वार्थ पूरा गर्न उद्दत रहनुले प्रष्ट हुन्छ मुलुकका महत्वपूर्ण संरचनाहरु ध्वस्त पार्ने षड्यन्त्रमा रास्वपाका नेताहरु र अहिले रास्वपाबाट उम्मेदवार बनेका केही व्यक्तिहरु नै संलग्न रहेका थिए भनेर । नेपालको संविधानले गाईलाग्ई राष्ट्रिय जनावर भनेर घोषणा गरेको छ तर त्यही गाईलाई काटेर खान पाउनुपर्दछ भन्दै आएका व्यक्तिहरु नै रास्वपाबाट उम्मेदवार बनेका हुनाले भाद्र २३ र २४ गतेको आन्दोलनका नाइकेहरु को को थिए भनेर प्रष्ट हुँदैन र ? यसरी रास्वपाले आफ्नो स्वार्थ पुरा गर्न मुलुक नै ध्वस्त पारेको वास्तविकतालाई मतदानका बेला जनताले भुल्नु हुँदैन ।

## भिडतन्त्रको...

गरिनु र उनैको सिफारिसमा प्रतिनिधिसभा विघटन गर्नु संविधानको उल्लंघन मात्र नभएर संसदको अधिकार खोसेर राष्ट्रपतिकहाँ पुऱ्याउनु हो । संसदले मात्र प्रधानमन्त्री नियुक्त गर्न सक्ने र संसदले नै प्रधानमन्त्रीलाई अविश्वासको मतबाट हटाउन सक्ने कानुनी र सम्वैधानिक व्यवस्थालाई जेनजीहरूको विरोध प्रदर्शन र त्यही विरोध प्रदर्शनमा घुसपैठ गरेका व्यक्तिहरूको सिफारिसा प्रधानमन्त्री नियुक्त गरिने संसदीय व्यवस्थाका लागि भाद्र २७ गते कालो दिन हो भने राष्ट्रपतिले समेत कंकलको टिका लगाएका छन् ।

संसद भवन जल्ला रमाउनेहरु अहिले रास्वपाबाट संसदको उम्मेदवार बनेका छन् । काठमाडौका तत्कालिन मेयर बालेन साहलाई रास्वपाले आफ्नो पार्टीका वरिष्ठ नेता बनाएर उनलाई प्रधानमन्त्रीको उम्मेदवार बनाएको छ । तर, बालेन साहले काठमाडौबासीलाई निर्वाचनको बेला दिएका आश्वासन पुरा नगरि व्यक्तिगत स्वार्थका लागि मेयर पदबाट राजिनामा दिएर संसदको उम्मेदवार बन्नु महत्वकांक्षा बढी भएको देखिन्छ । साहले आफ्नी श्रीमती चढेको गाडी प्रहरीले चेकजाँच गर्दा उनले सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने स्टाटस लेखेका थिए । सिंहदरबारमा आगो लाग्यो तर सिंहदरबारमा आगो लगाईदिन्छु भन्ने साहमाथि कुनै अनुसन्धान र छानविन सम्म भएन किन ए कार्की सरकार !

जेनजीहरूको विरोध प्रदर्शनलाई साहले सहयोग गरेका र उनले काठमाडौका नगर प्रहरीहरूलाई विरोध प्रदर्शनमा पानी बाँड्न पठाएका थिए तर भाद्र २४ गते सिंहदरबार, सर्बोच्च अदालत लगायत धेरै सरकारी भवनहरूमा आगो लाग्दा काठमाडौ महानगरमा भएका दमकल समेत साहले प्रयोग गर्न दिएनन् त्यसैले प्रष्ट हुन्छ बालेन साह नै भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्यका नाइके हुन् भनेर । यस्तो विध्वसात्मका कार्य गर्न साहलाई भिडतन्त्रले प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्नु भनेको विध्वसकारीलाई र त्यही साहले नै जलाउने भनिएको सिंहदरबारमा पुऱ्याउनु हो । यी सबै कारणहरूले गर्दा मुलुकमा अब सुशासन र भ्रष्टाचार नियन्त्रण होइन अराजकता र भिडतन्त्रको शिकार हुने सम्भावना बढ्दै गएको छ । काठमाडौबासीलाई धोका दिएका साहलाई झापाका जनताले बदला लिनेछन् ।

## फागुन २१...

त्यसको लाभ रास्वपाले उठाइरहेको जस्तो देखिएको छ । भाद्र २३ र २४ गतेको विरोध प्रदर्शनलाई तत्कालिन काठमाडौ महानगरका मेयर बालेन साहले सहयोग र समर्थन गरेका थिए । उनले केही महिना अघि आफ्नी श्रीमती सवार गाडीलाई प्रहरीले चेकजाँच गरेको भन्दै सिंहदरबारमा आगो लगाईदिने स्टाट लेखेका थिए । सिंहदरबारमा आगजनी भयो तर सरकारले बालेन साहलाई सामान्य सोधपुछ सम्म गरेन । जेनजीहरूको विरोध प्रदर्शन र २४ गतेको विध्वसात्मक घटनापछि केपी ओली नेतृत्वको सरकार ढल्यो । भाद्र २७ गते मध्यरातमा संविधानको उल्लंघन गर्दै सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरियो त्यो पनि बालेन साहकै सक्रियतामा । अनि कार्की सरकारका मन्त्रीहरु समेत बालेनकै सिफारिसमा नियुक्त गरियो ।

आफ्नो सिफारिसमा प्रधानमन्त्रीसहित मन्त्रीहरु नियुक्त भएपछि बालेन साहले झापा ५ बाट संसदको उम्मेदवार बन्ने घोषणा गर्दै रास्वपामा प्रवेश गरे । रास्वपाले उनलाई वरिष्ठ नेता र भावी प्रधानमन्त्रीको रूपमा अघि सार्‍यो । साहले नै रास्वपालाई मुलुकभरमै फैलाईदिए । साहको झापा ५ को उम्मेदवारी केपी ओली विरूद्धको थियो ।

रास्वपाका सभापति रवि लामिछानेले आफूलाई तत्कालिन प्रधानमन्त्री ओली सरकारले प्रतिशोध लिएर विभिन्न मुद्दा लगाएको भन्दै आएका बेला साह रास्वपामा प्रवेश गरेर ओली विरूद्ध खनिनुको फाइदा रास्वपाले उठाउन खोजिरहेको बेला सुशिला कार्की नेतृत्वको सरकारले रविमाथिको सम्पत्ति शुद्धीकरण र संगठित अपराधको मुद्दा फिर्ता लिने निर्णय गर्नुले प्रष्ट हुन्छ भाद्र २३ गतेको जेनजीहरूको विरोध प्रदर्शलनलाई हाइज्याक गर्नेहरु अहिले सबै रास्वपामा प्रवेश गरेर उम्मेदवार बनाएकाले भाद्र २३ र २४ गतेको विध्वसात्मक कार्य गर्नेहरूमा रास्वपा बालेन सहितका व्यक्तिहरु नै रहेको प्रष्ट हुँदै गएको छ । कार्की सरकारले समेत उनीहरूलाई संरक्षण गरिरहेकाले सरकार नै पुराना पार्टी कांग्रेस र नेकपा एमालेप्रति अनुदार रहेको प्रष्ट हुँदै गएकोले आउँदो निर्वाचनले समेत कुनै निकास दिन सक्ने सम्भावना देखिँदैन ।

## निष्पक्ष...

गराउन उनकी श्रीमती समेत झापा ५ मा चुनाव प्रचार प्रसारमा रहेकी हुनाले उनको सुरक्षामा सादा पोशाकमा प्रहरी खटाइएको छ । ती सादा पोशाकका प्रहरीहरूले साहलाई मतदान गर्न जनतालाई आग्रह गरिरहेको जनताले गुनासा गरिरहेका भएपनि सरकारले त्यसतर्फ ध्यान दिएको देखिँदैन ।

साह काठमाडौको मेयर रहँदा उनका कानुनी सल्लाहकार रहेको ओम प्रकाश अर्याल नै अहिले गृहमन्त्री रहेका र उनैको निर्देशनमा साह पत्नीलाई सादा पोसाकमा सुरक्षाकर्मी खटाइएको हुनाले त्यहाँका अन्य उम्मेदवारहरूले विरोध जनाइरहेका भएपनि सरकार भने कानमा तेल हालेर बसेको छ । साहपत्नीलाई मात्र किन सुरक्षाकर्मी भन्दै अन्य उम्मेदवारहरूले आफूहरूलाई पनि सुरक्षाकर्मी दिन माग गरिरहेका छन् तर सरकारले त्यसतर्फ ध्यान दिएको देखिँदैन । उम्मेदवार सबै वराबरी हुन सरकारले कसैलाई काखा र कसैलाई पाखा गर्न पाउँदैन । साह पत्नीलाई मात्र सुरक्षाकर्मी प्रदान गर्नु भनेको निर्वाचनमा धाँधली गर्ने प्रपञ्च त होइन भन्ने प्रश्न झापामा उठेको छ ।

पछिल्लो समयमा निर्वाचनको वातावरणमा केही सुधार देखिएको भएपनि त्यसलाई विश्वास गरिहाल्ने आधारहरु सरकारले बनाउन सकेको छैन । उम्मेदवारहरु जिल्ला जिल्ला गाउँ गाउँ, टोल टोलमा गएर प्रचार प्रसार गर्न सक्ने वातावरण अहिलेसम्म देखिएको छैन । खास गरेर पुराना भएिका दलहरु मध्येको नेपाली कांग्रेस र नेकपा एमालेप्रति कार्की सरकार अनुदार रहेको सरकारको व्यवहारले नै देखाईसकेको हुनाले निर्वाचन निष्पक्ष, धाँधलीरहित हुने कुरामा विश्वास गर्न सकिने आधार देखिएको छैन । नयाँ भनिएका दलहरु मध्येको रास्वपाप्रति भने सरकार उदार देखिएको छ । त्यसको कारण हो प्रधानमन्त्रीले जेठो छोरा भनेको सुदन गुरूङ रास्वपाको उम्मेदवार रहेकाले ।

## उम्मेदवार...

तोकिएको छ । निर्वाचन आयोगले सुगम मानिएका जिल्लाका हकमा र दुर्गम मानिएका जिल्लाका हकमा फरक फरक खर्च सीमा निर्धारण गरेको छ । काठमाडौँका पाँच वटा निर्वाचन क्षेत्रका उम्मेदवारले २५ लाखसम्म खर्च गर्न पाउनेछन् । त्यसमा काठमाडौँ क्षेत्र नं १, ३, ६, ७ र ८ रहेका छन् । १७ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २७ लाख बराबरको खर्च गर्न पाउने सीमा निर्धारण गरिएको छ ।

६५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम २९ लाख बराबर खर्च गर्न पाउनेछन् । आयोगका अनुसार ५२ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३१ लाख, २६ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले अधिकतम ३३ लाख बराबरको खर्च गर्न पाउने गरी सीमा निर्धारण गरिएको छ । निर्वाचन परिणाम घोषणा भएको मितिले ३५ दिनभित्र निर्वाचन कार्यालयमा पेस गर्नुपर्ने प्रावधान छ ।


**सार्वजनिक सेवा लिँदा ध्यान दिऔं।**

- आफूले लिने सेवाका सम्बन्धमा जानकारी राखौं,
- आवश्यक कागजात/प्रक्रिया पूरा गरौं,
- नागरिक बडापत्रका बारेमा जानकारी राखौ,
- आधिकारिक सेवा प्रदायकबाट मात्र सेवा लिऔं,
- सेवा प्राप्त गर्दा विचौलियाको प्रयोग नगरौं,
- सकेसम्म अनलाईनबाटै सेवा लिने र दिने गरौं,
- जेष्ठ नागरिक, अपाङ्गता भएका तथा अशक्त व्यक्तिलाई प्राथमिकता दिऔं,
- सेवा प्रवाहमा समस्या देखिए सम्बन्धित निकायमा सम्पर्क गरौं,
- अनियमितता र भ्रष्टाचारबिरूद्ध उजुरी गरौं,

**सार्वजनिक सेवालाई सरल, सहज र पारदर्शी बनाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार